# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १०१ | काठमाडौं | आइतबार, १७ साउन २०८३ | Prabhab National Daily | Sunday, 02 August 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ |-


# ब्रोड पिकमा निभ्यो साहसको दीप

विश्वकीर्तिमानी आरोही निर्मल पुर्जा 'निम्स दाइ' सहित नेपाली आरोहीहरु पुरबहादुर गुरूङ (युक्त), निमा शेर्पा, किलीपेम्बा शेर्पा, ग्यालु शेर्पा र नवाङथिन्डु शेर्पाको निधन

विदेशी आरोहीहरु सोहेल शाखी (पाकिस्तान), वाङ भ्होङ (चीन), नादिरा अहमद (ओमान) र म्यालोरी गेइस (अमेरिका) को पनि गयो ज्यान

- हिमपहिरोमा बेपत्ता भएको दुई दिनपछि सबै आरोहीको निधन पुष्टि
- हिमपहिरोले आरोहीलाई करिब ८०० मिटर तल बगाएको उद्धार टोलीको भनाइ
- छ महिना छ दिनमै १४ हिमाल चढेर विश्वकीर्तिमान बनाएका थिए निम्स दाइले
- ब्रोड पिकमा नयाँ विश्वकीर्तिमान बनाउने लक्ष्य अधुरै
- निम्स दाइ बेलायती विशेष फौजबाट फर्किएर विश्वप्रसिद्ध पर्वतारोही बने

■ **जेबी योञ्जन**

**काठमाडौं–** 'ब्रोड पिक ! म तिमीसँग एउटामात्र कुरा माग्छु । मलाई सुरक्षितरूपमा माथि पुग्न देऊ । अनि फेरि सुरक्षितरूपमा फर्किन देऊ ।'

विश्वकीर्तिमानी नेपाली पर्वतारोही निर्मल पुर्जा 'निम्स दाइ'ले पाकिस्तानको 'ब्रोड पिक' आरोहणमा निस्किनुअघि सामाजिक सञ्जालमा लेखेको यो सन्देश अहिले लाखौं मानिसको मनमा छाएको छ । सुरक्षित फर्किने उनको प्रार्थना पूरा हुन सकेन । पाकिस्तानको काराकोरम हिमशृंखला क्षेत्रमा रहेको आठ हजार ५१ मिटर अग्लो ब्रोड पिकमा गएको भीषण



पुरबहादुर गुरुङ (युक्त)

किलीपेम्बा शेर्पा

निमा शेर्पा

ग्यालु शेर्पा

निर्मल पुर्जा, 'निम्स दाइ'

नवाङथिन्डु शेर्पा

हिमपहिरोले निम्स दाइसहित छ जना नेपाली र चार जना विदेशीगरी १० जना आरोहीको ज्यान लियो । साहसको अर्को इतिहास लेख्न हिँडेका निम्स दाइ अन्ततः हिमालकै काखमा सधैंका लागि बिलाए ।

बिहीबार ब्रोड पिकमा हिमपहिरो गएको थियो । त्यसबेला निर्मल पुर्जाको एलिट एक्सपिडिसन, सेभेन समिट ट्रेक्स र इम्याजिन नेपालसँग आबद्ध टोली हिमालको माथिल्लो भागमा थियो । हिमपहिरोले सबैलाई बगायो । उनीहरू सम्पर्कविहीन भए ।

दुई दिनसम्म परिवार, साथीभाइ र विश्वभरका आरोहीले चमत्कारको आशा गरेका थिए । उद्धार टोली मौसम खुल्ने प्रतीक्षामा थियो । तर, शनिबार त्यो आशा पनि समाप्त भयो । निम्स दाइ फाउन्डेसन र एलिट एक्सपिडिसनले सामाजिक सञ्जालमार्फत निम्स दाइसहित सबै १० जना आरोहीको निधन भएको पुष्टि गरे ।

यस दुर्घटनामा छ जना नेपालीले ज्यान गुमाए । जसमा निर्मल पुर्जा, पुरबहादुर गुरुङ 'युक्त', निमा शेर्पा, किलीपेम्बा शेर्पा, ग्यालु शेर्पा र नवाङथिन्डु शेर्पा छन् । उनीहरूसँगै पाकिस्तानका सोहेल शाखी, चीनका वाङ भ्होङ, ओमानकी नादिरा अहमद र अमेरिकाकी म्यालोरी गेइसको पनि निधन भयो ।

हिमपहिरोले उनीहरूलाई करिब छ हजार मिटरभन्दा माथि उचाइबाट झण्डै ८०० मिटर तलसम्म बगाएको बताइएको छ । खराब मौसमका कारण तत्काल उद्धार गर्न सकिएको थिएन । शुक्रबार चार जनाको शव फेला परेको थियो । बाँकीको शनिबार शव फेला परेसँगै अन्ततः कोही पनि जीवित नरहेको पुष्टि भयो ।

निम्स दाइ नेपाली पर्वतारोहणको एउटा युग थिए । उनले सन् २०१९ मा संसारका आठ हजार मिटरभन्दा अग्ला सबै १४ वटा हिमाल केवल छ महिना छ दिनमै आरोहण गरेर विश्वकीर्तिमान बनाए । त्यति छोटो समयमा १४ वटा हिमाल आरोहण गर्नुलाई सबैले असम्भव भनेका थिए । तर, उनले त्यसलाई सम्भव बनाए । त्यसैले उनले आफ्नो अभियानको नाम नै 'प्रोजेक्ट पोसिबल' राखेका थिए ।



"निर्मल पुर्जा (निम्स दाइ)लगायत सम्पूर्ण दिवंगत आरोहीहरूको भौतिक यात्रामात्रै रोकिएको हो, उहाँहरूको साहस, समर्पण र योगदानको इतिहास सधैं प्रेरणायुक्त र जीवित रहिरहने छ ।

■ **वालेन्द्र शाह**
प्रधानमन्त्री

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## नीलकमल ह्युमन रिसोर्सले मनायो १८औं वार्षिकोत्सव



**काठमाडौं (प्रस)–** नीलकमल ह्युमन रिसोर्स प्रालिले १८औं वार्षिकोत्सव मनाएको छ । शनिबार एयरपोर्टस्थित संस्थाको कार्यालयमा विशेष कार्यक्रमको आयोजना गरी वार्षिकोत्सव मनाइएको हो ।

उक्त अवसरमा सामाजिक उत्तरदायित्वलाई ध्यानमा राख्दै रक्तदान कार्यक्रमसमेत आयोजना गरिएको थियो । संस्थाका सञ्चालक तथा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वमहासचिव मेघनाथ भुर्तेलले आफ्ना कर्मचारी तथा शुभचिन्तकलाई धन्यवाद ज्ञापन गरे ।

'संस्थाले विगतदेखि नै सामाजिक कार्यहरू गर्दै आएको छ । रक्तदान, जीवनदान भनिन्छ । रगत नपाएर कतिको ज्यान जान्छ,' उनले भने, 'उनीहरूलाई सहयोग पुगोस् भन्ने हेतुले रक्तदान कार्यक्रमको आयोजना गरिएको हो ।'

नीलकमल विगतका वर्षहरूमा वैदेशिक रोजगारीमा धेरै श्रमिकहरू पठाउने संस्था बन्दै आएको थियो । यस वर्ष भने सरकारको नीति र मध्यपूर्वको द्वन्द्वका कारण अघिल्ला वर्षहरूको जति संख्यामा श्रमिक पठाउन नसकेको जानकारी दिइयो ।

क्रमशः पृष्ठ २ मा

## नेपाली महावाणिज्यदूतावासको सेवा प्रभावकारिताबारे छलफल



**काठमाडौं (प्रस)–** दुबईस्थित नेपालको महावाणिज्यदूतावासले सेवा सञ्चालनको एक वर्ष पूरा हुन लागेका अवसरमा युएईस्थित गैरआवासीय नेपाली संघ (एनआरएनए), नेपाली समाजलगायत विभिन्न नेपाली संघसंस्थाका प्रतिनिधिसँग शुक्रबार छलफल गरेको छ ।

कार्यक्रममा महावाणिज्यदूतावासको सेवा प्रवाह, राहदानी तथा कन्सुलर सेवा, श्रमिकको हित संरक्षण, आपत्कालीन सहायता तथा नेपाली समुदायसँग सम्बन्धित विविध विषयमा सुझाव आदानप्रदान भएको महावाणिज्यदूतावासले जानकारी दिएको छ ।

छलफलमा सहभागी विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले सेवा प्रवाहलाई थप प्रभावकारी, सहज र समुदायमैत्री बनाउन सुझाव दिएका थिए । त्यस अवसरमा महावाणिज्यदूत हरिप्रसाद ओडारीले प्राप्त सुझाव आफ्ना निम्ति मार्गदर्शक हुने बताउँदै सबै सहभागीप्रति आभार व्यक्त गरे । साथै, उनले नेपाली समुदायसँगको सहकार्यलाई आगामी दिनमा पनि निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गरे ।

क्रमशः पृष्ठ २ मा

## असम्भवलाई सम्भव बनाउने हिमालका योद्धा

■ **कुम्भराज राई**

**काठमाडौं–** हिमाल आरोहणका कथाहरू प्रायः शिखर चुमेका आरोहीका सफलतामा टुंगिन्छन् तर केही त्यस्ता आरोही हुन्छन्, जसको वास्तविक उचाइ उनीहरूले चुमेको शिखरले होइन, उनीहरूले सामना गर्ने चुनौती र साहसले मापन गर्छ । विश्व पर्वतारोहण इतिहासमा निर्मल पुर्जा अर्थात् 'निम्स दाइ' एउटा त्यस्तो नाम हो, जसले केवल संसारका अग्ला हिमालहरू आरोहण गर्ने काममात्र गरेनन्, बरु संसारले नेपाली पर्वतारोहीलाई हेर्ने दृष्टिकोण नै बदल्ने प्रयास गरे ।

म्याग्दी दानास्थित सामान्य परिवारमा जन्मिएका पुर्जाको बाल्यकाल चरम दुःख र संघर्षले भरिएको थियो । बाल्यकालमा क्षयरोग र दमजस्ता स्वास्थ्य समस्यासँग जुधेका पुर्जा कुनै दिन विश्वकै सबैभन्दा कठिन हिमालहरू आरोहण गरेर इतिहास रच्ने व्यक्ति बन्लान् भन्ने कल्पना अरूले त छाडौं उनी आफैंले



गरेका थिएनन् । गाउँको सामान्य जीवनबाट सुरु भएको उनको यात्रा बेलायती गोर्खा सैनिकसम्म पुग्यो । उनी सन् २००३ मा बेलायती सैनिकका रूपमा भर्ती भए । त्यहाँ पनि उनी साधारण सैनिक भएर बसेनन् । कठिन छनोट प्रक्रिया पार गर्दै बेलायतको प्रतिष्ठित स्पेसल बोट सर्भिस (एसबिएस) मा प्रवेश गर्ने पहिलो गोर्खा सैनिक बने । सैन्य जीवनले उनलाई अनुशासन, जोखिम व्यवस्थापन, नेतृत्व र असम्भवलाई कसरी सम्भव बनाउने भन्ने सीपका साथै आत्मविश्वास दिलायो तर उनको जीवनको मोड हिमाल बन्यो ।

सन् २०१२ मा सगरमाथा आधार शिविरसम्मको पहिलो यात्राले उनको सोच बदलियो । हिमाल केवल प्राकृतिक सुन्दरता होइन, आफ्नो क्षमताको सीमा परीक्षण गर्ने प्रयोगशाला पनि रहेछ भन्ने उनले महसुस गरे । त्यसपछि उनले पर्वतारोहणलाई केवल पेसा होइन, जीवनको उद्देश्य बनाए र सन् २०१८ मा बेलायती सैनिकबाट राजीनामा दिए । सन् २०१९ मा उनले 'प्रोजेक्ट पोसिबल' अभियान घोषणा गरे । जुन अभियान धेरैका लागि अव्यावहारिक र असम्भव सपनाझैं थियो ।

क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमशः

### ब्रोड पिकमा...

ब्रोड पिक उनको अर्को महत्त्वपूर्ण अभियान थियो । उनले यसअघि नै पाकिस्तानको ग्यासरब्रुम-२ सफलतापूर्वक आरोहण गरिसकेका थिए । त्यो उनको ५७औं पटकको आठ हजार मिटरभन्दा अग्लो हिमाल आरोहण थियो । यसपटक ब्रोड पिक सफल भएको भए चोयुबाहेक सबै १४ वटा आठ हजार मिटरभन्दा माथिका हिमाल दुईपटक विनाअक्सिजन आरोहण गर्ने नयाँ विश्वकीर्तिमान पनि उनको नाममा हुने निश्चित थियो ।

तर, उनले स्टाटसमै अर्को महत्त्वपूर्ण कुरा पनि लेखेका थिए । उनले कुनै पनि हिमाललाई हल्का रूपमा नलिने बताएका थिए । बेसक्याम्पबाट पहिलो पाइला चालेपछि आफ्नो सम्पूर्ण ध्यान र समर्पण अभियानमै रहने उनको भनाइ थियो । हिमालप्रति सम्मान नै सफल आरोहणको आधार भएको उनी सधैं बताउँथे ।

म्याग्दीमा जन्मिएका निम्स दाइ चितवनमा हुर्किएका थिए । उनको पहिलो सपना हिमाल चढ्ने थिएन । उनी आफ्ना बुबा र दाजुभाइजस्तै बेलायती गोरखा सैनिक बन्न चाहन्थे । सन् २००३ मा उनी गोरखा सैनिकमा भर्ती भए । पछि उनी बेलायती सेनाको 'स्पेसल बोट सर्भिस'मा पुग्ने पहिलो गोरखा सैनिक बने । त्यहाँ उनले करिब १० वर्ष सेवा गरे । कठिन परिस्थितिमा काम गर्ने क्षमता, अनुशासन र नेतृत्व उनले त्यहीँ सिके ।

सन् २०१२ मा पहिलोपटक सगरमाथा आधार शिविर पुगेपछि उनको जीवनको दिशा बदलियो । त्यही यात्राले हिमालप्रतिको मोह बढायो । त्यसपछि उनले लोबुचे इस्ट हिमाल आरोहण गरे । त्यहीँबाट उनको आरोहण यात्रा सुरु भयो ।

केही वर्षपछि उनले आकर्षक सैनिक जागिर छाडे । पूर्णरूपमा हिमाललाई जीवन बनाए । उनी कीर्तिमानमात्रै बनाउन चाहँदैनथे । संकटमा परेका आरोहीको उद्धारमा पनि उनी उत्तिकै सक्रिय थिए । हिमालमा धेरै उद्धार अभियान उनले सफलतापूर्वक सञ्चालन गरेका थिए ।

सन् २०२१ मा केटु हिमाल पहिलोपटक हिउँदमा सफलतापूर्वक आरोहण गर्ने १० नेपाली टोलीको नेतृत्वमा पनि उनी थिए । त्यो उपलब्धिले नेपाली पर्वतारोहणलाई विश्वभर नयाँ उचाइमा पुऱ्याएको थियो । उनको योगदानका लागि बेलायती महारानी एलिजाबेथ द्वितीयले एमबिई सम्मान प्रदान गरेकी थिइन् । उनले सगरमाथाबाट स्काई डाइभ गरेर साहसिक पर्यटनको प्रचारसमेत गरेका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद तथा कीर्तिमानी आरोही मिङ्माडेभिड शेर्पासँग निम्स दाइको लामो सहकार्य थियो । उनीहरू सँगै धेरै कीर्तिमानी अभियानमा सहभागी भएका थिए । शेर्पाका अनुसार निम्स दाइमा एउटा विशेष गुण थियो, उनले सोचेको काम पूरा नगरी कहिल्यै नछोड्ने ।

पाकिस्तानका हिमाल नेपाली शेर्पाहरूको दोस्रो मुख्य कार्यक्षेत्र मानिन्छ । विश्वका १४ वटा आठ हजार मिटर अग्ला हिमालमध्ये पाँचवटा पाकिस्तानमै छन् । त्यसैले हरेक वर्ष ठूलो संख्यामा नेपाली गाइड र शेर्पाहरू त्यहाँ पुग्ने गर्छन् । तर, यसपटक दुःखद घटना भयो । सेभेन समिट ट्रेक्सका प्रबन्ध निर्देशक मिङमा शेर्पाले खराब मौसमका कारण सबै शव आधार शिविरमा ल्याउन समय लाग्ने बताएका छन् ।

यहीबीच हिमालले फेरि एउटा ठूलो पाठ दिएको छ । संसारकै उत्कृष्ट तयारी, अनुभव र आत्मविश्वास भएका आरोही पनि प्रकृतिको अगाडि सधैं सुरक्षित हुँदैनन् । तर, निम्स दाइको जीवनको कथा दुर्घटनामा टुंगिँदैन । उनले नेपाली झण्डालाई विश्वका सबै अग्ला हिमालमा गर्वका साथ फहराए । उनले नेपाली पर्वतारोहणलाई नयाँ पहिचान दिए । उनले असम्भव भन्ने शब्दलाई चुनौती दिए । र, उनले संसारलाई एउटा सन्देश दिए-सपना ठूलो देख्नुपर्छ, त्यसका लागि साहस पनि त्यत्तिकै ठूलो हुनुपर्छ ।

सुरक्षित फर्किने उनको अन्तिम प्रार्थना पूरा भएन । तर, उनले बनाएको इतिहास, उनले छाडेको प्रेरणा र उनले देखाएको साहस भने संसारभरका हिमालप्रेमीको मनमा सधैं सुरक्षित रहने छ ।

यस्तै, पुर्जासहितका पर्वतारोहीहरूको निधनको खबरपछि नेपालमात्र होइन, विश्वभरबाट श्रद्धाञ्जलीको ओइरो लागेको छ । प्रधानमन्त्री वालेन्द्र शाहले निम्स दाइसहित सबै दिवंगत आरोहीप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन् । उनले उनीहरूको साहस, समर्पण र योगदान सधैं जीवित रहने बताएका छन् । 'निर्मल पुर्जा (निम्स दाइ)लगायत सम्पूर्ण दिवंगत आरोहीहरूको भौतिक यात्रामात्रै रोकिएको हो, उहाँहरूको साहस, समर्पण र योगदानको इतिहास सधैं प्रेरणायुक्त र जीवित रहिरहने छ,' उनले भने ।

पुर्जा मुस्ताङ हेलिकोप्टरका मालिक पनि हुन् । उनको निधनप्रति वायुसेवा सञ्चालक संघले गहिरो दुःख व्यक्त गरेको छ । संघले शनिबार विज्ञप्ति जारी गर्दै ब्रोड पिक हिमाल आरोहणका क्रममा गएको हिमपहिरोमा निम्स दाइको निधनले सम्पूर्ण मुलुकलाई स्तब्ध बनाएको जनाएको छ ।

संघले विज्ञप्तिमा भनेको छ, 'हिमाल आरोहणका पुराना मान्यताहरूलाई तोड्दै नेपालको नाम विश्वको सर्वोच्च शिखरमा पुऱ्याउने सफल व्यक्तिको दुःखद निधनले आज हामी सबैलाई स्तब्ध बनाएको छ ।' म्याग्दीको दाना गाउँमा जन्मिएका निम्स दाइले आफ्नो साहस, अनुशासन र मेहनतका कारण विश्व पर्वतारोहणमा नेपालको छुट्टै पहिचान स्थापित गरेको संघको विज्ञप्तिमा उल्लेख छ ।

■■■

### नीलकमल ह्युमन...

कार्यक्रममा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्रीले वैदेशिक रोजगारीमा पठाउने संख्या आगामी दिनमा यसअघिकै उचाई कायम गर्न संस्थालाई शुभकामना दिए । 'विगतदेखि धेरै श्रमिक पठाउँदै आएको संस्थाले मध्यपूर्वको युद्ध, सरकारका नीतिका कारण त्यो कायम गर्न सकेन । आगामी दिनमा पनि नीलकमलले त्यही उचाई हासिल गरिरहोस्,' अध्यक्ष खत्रीले भने ।

कार्यक्रममा नीलकमलबाट वैदेशिक रोजगारीमा गएर समस्यामा परेकाहरूलाई सहयोगको घोषणा पनि गरिएको छ । वैदेशिक रोजगारीमा गएर मृत्यु भएका रमेशकुमार राजवंशी र ब्रेन टचुमर भएर मृत्यु भएकी सोममाया वाइबालाई आर्थिक सहयोग गर्ने संस्थाले जानकारी दिएको छ ।

■■■

### नेपाली...

सरकारले संयुक्त अरब इमिरेट्स (युएई) मा रहेका विशेषगरी दुबई तथा उत्तरी इमिरेट्समा बसोबास गर्ने नेपाली नागरिकलाई कन्सुलर सेवा सहजरूपमा उपलब्ध गराउने तथा उनीहरूको हित संरक्षण गर्ने उद्देश्यले दुबईमा महावाणिज्यदूतावास स्थापना गरेको हो । महावाणिज्यदूतावासले राहदानी नवीकरण, यात्रा अनुमतिपत्र जारी, कागजात प्रमाणीकरण, श्रमसम्बन्धी सेवा तथा आपत्कालीन कन्सुलर सहायता उपलब्ध गराउँदै आएको छ ।

### असम्भवलाई...

सो अभियानको लक्ष्य थियो, 'विश्वका १४ वटा आठ हजार मिटरभन्दा अग्ला हिमाल सात महिनाभित्र आरोहण गर्ने ।' त्यसबेला यो लक्ष्यलाई धेरै अनुभवी पर्वतारोहीहरूलेसमेत असम्भव भनेर प्रतिक्रिया दिएका थिए । उनले सो अभियानका लागि प्रायोजन खोज्दा प्रायोजकहरूसमेत हिच्किचाएका थिए । आर्थिक अभाव यति थियो कि उनले आफ्नै घर धितो राखेर अभियान अघि बढाएका थिए । सो प्रसंग उनको आत्मकथा 'बियोन्ड पोसिबल'मा उल्लेख छ ।

निम्स दाइका लागि 'असम्भव' भन्ने शब्द नै प्रेरणाको स्रोत बन्यो । अन्ततः उनले छ महिना छ दिनमै ती सबै १४ हिमाल आरोहण गरेर इतिहासमात्र रचेनन्, सम्भावनाको परिभाषा नै पुनर्लेखन गरे । भलै उनको सो कीर्तिमान नर्वेजियन आरोही क्रिस्टिन हरिला र नेपाली आरोही तेञ्जेन लामा शेर्पाले ९२ दिनपछि नै तोडे तर सो कीर्तिमान तोड्ने साहस उनीहरूमा जो आएको थियो, त्यसको पछाडि निम्स दाइकै 'सम्भव छ' भन्ने हिम्मत जोडिएको थियो ।

उनको आरोहण यात्राको अर्को महत्त्वपूर्ण पक्ष भनेको नेपाली पर्वतारोहणको पहिचान बदल्ने अभियान थियो । दशकौंसम्म अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा विदेशी आरोहीहरू नायक बन्थे भने नेपाली शेर्पा र उच्च हिमाली सहयोगीहरू पृष्ठभूमिमा सीमित रहन्थे । निम्स दाइले बारम्बार भने, 'हिमालको सफलता केवल शिखरमा पुग्ने व्यक्तिको होइन, सम्पूर्ण टोलीको सामूहिक उपलब्धि हो ।'

यसको सबैभन्दा राम्रो उदाहरण सन् २०२१ को ऐतिहासिक 'के-टु'को पहिलो जाडोयामको आरोहणलाई मान्न सकिन्छ । संसारभरका पर्वतारोहीले हालसम्म जाडोयाममा के-टु हिमाल आरोहण गर्न सकेका थिएनन् । सो अभियानमा शिखर पुग्न अन्तिम केही मिटर बाँकी हुँदा टोलीमा आबद्ध जोकोहीले व्यक्तिगतरूपमा अघि बढ्न सक्थे तर निम्स दाइले सबैलाई रोके । दशै जना नेपाली पर्वतारोही एक ठाउँमा भेला भए र नेपालको राष्ट्रिय गान गाउँदै एकसाथ शिखरमा पाइला राखे । त्यो केवल एउटा आरोहणमात्र थिएन, त्यो त विश्व पर्वतारोहण इतिहासमा नेपालीले लेखेको एक इतिहासको अध्याय थियो ।

निम्स दाइले खिचेको सगरमाथाको 'ट्राफिक जाम'को तस्बिर सन् २०१९ मा संसारभर 'भाइरल' बन्यो । धेरैका लागि त्यो भीडको दृश्य थियो, तर निम्सका लागि त्यो हिमाल व्यवस्थापन, मौसमको सीमित अवसर र बढ्दो व्यावसायिक आरोहणबारे विश्वव्यापी बहस सुरु गराउने दस्तावेज बन्यो ।

उनले देखाएको अर्को पक्ष उद्धार अभियानप्रतिको प्रतिबद्धता हो । कतिपय अवस्थामा उनले आफ्नो व्यक्तिगत कीर्तिमानभन्दा माथि उठेर मानवीयतालाई प्राथमिकता दिँदै उद्धार अभियानमा संलग्न भए । उनको जीवनदर्शन सरल थियो, 'सम्भव छ' । अरूले असम्भव देख्ने लक्ष्यलाई सम्भव बनाउन सकिन्छ भन्ने विश्वासले नै उनलाई विश्वभर 'निम्स दाइ' का रूपमा चिनायो । यही दर्शनले सन् २०२१ मा 'नेटफ्लिक्स'को चर्चित वृत्तचित्र 'फोर्टिन पिक्सः नोथिङ इज इम्पोसिबल' मार्फत करोडौं दर्शकसम्म उनको कथा पुग्यो ।

आज निम्स दाइ केवल कीर्तिमानी पर्वतारोहीका रूपमामात्र रहेनन् । उनी त नेपाली पर्वतारोहणको नयाँ आत्मविश्वासका प्रतीक बनेका छन् । उनले नेपाली पर्वतारोहीलाई विश्वमञ्चमा सहायक नभएर नेतृत्वकर्ता र निर्णयकर्तारूपमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरे । एलिट एक्सपिडिसनमार्फत नयाँ पुस्ताका नेपाली पर्वतारोहीलाई अवसर सिर्जना गर्ने प्रयास होस् वा निम्स दाइ फाउन्डेसन मार्फत हिमाली वातावरण संरक्षणका अभियानमा उनको योगदान शिखरभन्दा धेरै परसम्म फैलिएको छ ।

त्यसो त निम्स दाइ पनि सर्वगुण सम्पन्न थिएनन् । मानिसमा हुने सामान्य कमजोरी उनमा पनि थियो । विभिन्न समयमा उनी केही विवादमा पनि मुछिए । सन् २०१९ मा आमादब्लमको शिखर नै ढाक्नेगरी कुवेतको झण्डा राखेको, केही विदेशी महिलालाई यौन दुर्व्यवहार गरेको, उनको कम्पनीले भाडामा लिएको घर कपनमा आगलागी हुँदा व्यक्तिको ज्यान गएको, कतिपय हिमालमा आरोहणका गतिविधिमा मनपर्दी गरेको जस्ता आरोप उनीमाथि लागेको थियो तर ती सबै आरोपको खण्डन गर्दै उनले स्पष्टीकरण दिँदै आएका थिए ।

उनले आफूलाई चर्चामा ल्याउने र व्यवसाय चलाउने काममामात्र सीमित राखेनन् । सन् २०२२ मा 'निम्स दाइ फाउन्डेसन' स्थापना गरी हिमाली समुदायमा काम गर्ने गरी शिक्षा, वातावरण, प्रेरणामूलक अभियानका साथै विपद् व्यवस्थापनका क्षेत्रमा काम सुरु गरेका थिए । सोही फाउन्डेसनमार्फत उनले हालैमात्र सोलुखुम्बुको लोबुचेमा भरियाका लागि 'पोर्टर हाउस' निर्माण गरेका थिए ।

सगरमाथा मार्गमा पर्ने समुद्र सतहदेखि पाँच हजार ३० मिटर उचाइमा अवस्थित लोबुचेमा निर्मित सो भवनका लागि उनले केही वर्षदेखि विभिन्न संघसंस्था र स्थानीय तहसँग समन्वय तथा सहयोग संकलन गरेका थिए । फाउन्डेसले गत मे २७ (जेठ १३ गते) मात्र सो भवन निर्माण सम्पन्न गरी औपचारिक उद्घाटन गरिएको थियो । नेपाली छ करोड रूपैयाँभन्दा बढी खर्च गरेर बनाइएको सो पोर्टर हाउस १०० भन्दा बढी भरिया सुत्न मिल्ने क्षमताको छ । हिमालमा भारी बोक्ने भरियाहरूले ठूला होटलमा बास बस्न नसक्ने र साना होटलमासमेत बेलाबेलामा ठाउँ नपाउँदा समस्या हुने गरेको देखेर उक्त पोर्टर हाउस निर्माण गर्ने सपना निम्स दाइको थियो ।

हिमालले आरोहीको छविलाई बढाउँछ तर केही आरोहीले हिमाललाई नै नयाँ अर्थ दिन्छन् । निम्स दाइ त्यहीमध्येका एक दुर्लभ प्रतिनिधि हुन्, जसले विश्वलाई एउटा साधारण सन्देश दिएर गए, त्यो हो 'साहस र दृढ इच्छाशक्ति भए असम्भव शब्द केवल एउटा सोचमात्र हो ।' *रासस*

# करदाता प्रोत्साहन पोर्टल सञ्चालनमा

**काठमाडौं (प्रस)–** आन्तरिक राजस्व विभागले करदाता प्रोत्साहन उपहार कार्यक्रममा सहभागी हुन उपभोक्ताहरूलाई आह्वान गरेको छ । शनिबार सूचना जारी गर्दै विभागले नगद कारोबार गरेका उपभोक्ताहरूलाई आफ्नो सक्कल बिल दर्ता गराउन आग्रह गरेको हो ।

विभागका उपमहानिर्देशक जनकराज शर्माका अनुसार साउन १ गते यता १०० रूपैयाँभन्दा बढीको वस्तु वा सेवा नगदमा खरिद गरी सक्कल प्यान तथा भ्याट बिल लिएका उपभोक्ता करदाता प्रोत्साहन कार्यक्रममा सहभागी हुन पाउँछन् ।

'हामीले प्राइज डट आइआरडी डट जिओभी डट एनपी नामक नयाँ वेबसाइट शनिबारदेखि सञ्चालनमा ल्याएका छौं,' उपमहानिर्देशक शर्माले भने, 'नगद भुक्तानी गरी स्वप्रयोजनका लागि नेपालभित्र एक पटकमा १०० रूपैयाँभन्दा बढी मूल्यको वस्तु तथा सेवा खरिद गर्ने बीजक लिएका योग्य उपभोक्ताहरूले वेबसाइटमा गएर आफ्नो बिल अपलोड गर्न सक्नुहुन्छ ।'

क्युआरमार्फत गरिने कारोबार प्रणालीमार्फत नै उपहार कार्यक्रमको प्रणालीमा समावेश गरी सकिएकाले उनीहरूले अहिले बिल प्रविष्ट (इन्ट्री) गर्नु नपर्ने पनि विभागले स्पष्ट पारेको छ । विभागका अनुसार बैंक तथा वालेटको क्युआरमार्फत १०० रूपैयाँभन्दा बढीको वस्तु तथा सेवा खरिद गरेका उपभोक्ताहरूले अहिले बिल दर्ता गराउनुपर्दैन ।

क्युआरबाट पैसा तिरेको कारोबार डाउनलोड गरेर राख्ने र सोही ट्रान्स्याक्सन नम्बर नै उपहारका लागि विभागको प्रणालीमा प्रविष्ट भइसकेकाले उक्त नम्बर नै उपहारका लागि योग्य हुने छ । उपहार घोषणापछि सक्कल बिल अनिवार्य हुने भएकाले बिलहरू भने सुरक्षित राख्न विभागले सबै उपभोक्ताको ध्यानाकर्षण गराएको छ ।

विभागले आफूले गरेको खरिदको सक्कल भ्याट तथा प्यान बिल माग्न र बिल नपाएको खण्डमा विभागमा जानकारी गराउन उपभोक्तालाई आग्रह गरेको छ । विभागले साउन १ गतेदेखि लागू गरेको करदाता प्रोत्साहन कार्यक्रमको पहिलो १५ दिनको नतिजा आगामी साता सार्वजनिक गर्ने तयारी गरेको छ ।

'प्राविधिक हिसाबले हामी तयारी अवस्थामा छौं । कुनै ठूलो प्राविधिक समस्या नआए आगामी साता पहिलो १५ दिनको (हरेक दिनको एक लाख रूपैयाँका दरले १५ जना विजेता र १५ दिनको बम्पर १० लाख रूपैयाँका विजेता एक जना) नतिजा घोषणा गर्न सक्ने अवस्थामा छौं,' विभागले भनेको छ । आर्थिक वर्ष २०८३/८४ को बजेटमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले करदातालाई कर प्रणालीमा ल्याउन र बिल लिने संस्कृतिको विकास गर्न करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेका थिए ।

सोही घोषणाअनुसार मन्त्रालयले असार अन्तिम साता उपहार सञ्चालन कार्यविधि स्वीकृत गरेको थियो । कार्यविधिअनुसार हरेक दिन एक जना उपभोक्तालाई कर कट्टी गरेर एक लाख नगद र हरेक १५-१५ दिनमा (महिनाको दुई जनालाई) बम्पर उपहारस्वरूप १० लाख रूपैयाँ नगद प्रदान गरिने उल्लेख छ ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०४/१७ गते**

यस कम्पनीको मिति २०८३/०४/०८ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **लाल्टिन क्याफे प्रा.लि.**को नाम परिवर्तन गरी **लाल्टिन हस्पिटालिटी प्रा.लि. (दर्ता नम्बर ३५०१९७)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०४/१५ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०४/१७ गते**

यस कम्पनीको मिति २०८३/०४/०५ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **भिभिड डिजाइन स्टुडियो प्रा.लि.**को नाम परिवर्तन गरी **भिभिड डिजाइन एण्ड भेन्चर्स प्रा.लि. (दर्ता नम्बर ५०५८२)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०४/१४ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, १७ साउन, २०८३

| | |
|---|---|
| **मेष** | नयाँ कामको अवसर प्राप्त हुन सक्छ । खर्चमा नियन्त्रण राख्नु राम्रो हुनेछ । |
| **वृष** | पारिवारिक सहयोगले मन प्रसन्न रहनेछ । लगानी गर्दा सोचविचार दिनुहोस् । |
| **मिथुन** | कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुने सम्भावना छ । स्वास्थ्यमा सामान्य ध्यान दिनुहोस् । |
| **कर्कट** | अधुरा काम पूरा हुनेछन् । साथीभाइसँगको सम्बन्ध अझ प्रगाढ बन्नेछ । |
| **सिंह** | आत्मविश्वास बढ्ने दिन छ । अनावश्यक विवादबाट टाढा रहनु राम्रो हुन्छ । |
| **कन्या** | अध्ययन, अनुसन्धान तथा नयाँ योजना बनाउन अनुकूल समय छ। आर्थिक पक्ष सन्तोषजनक रहनेछ । |
| **तुला** | दाम्पत्य तथा पारिवारिक सम्बन्धमा मधुरता आउनेछ । यात्राको सम्भावना देखिन्छ । |
| **वृश्चिक** | मेहनतको उचित प्रतिफल प्राप्त हुनेछ । बोलीमा संयम अपनाउनु लाभदायक हुनेछ । |
| **धनु** | नयाँ व्यक्तिसँगको भेटले भविष्यमा फाइदा । खर्च बढ्न सक्ने भएकाले सावधानी अपनाउनुहोस् । |
| **मकर** | व्यवसाय र जागिरमा सकारात्मक प्रगति हुनेछ । स्वास्थ्यमा सामान्य सतर्कता आवश्यक छ । |
| **कुम्भ** | सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ । परिवारसँग रमाइलो समय बित्नेछ । |
| **मीन** | धैर्य र संयमले सफलता दिलाउने दिन छ । पुरानो समस्या समाधानतर्फ अघि बढ्ने संकेत छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१७ साउन, २०८३ (०२ अगस्ट २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५३.१६ | १५३.७६ |
| युरो | १ को | १७४.६० | १७५.२९ |
| पाउन्ड स्टिर्लङ | १ को | २०४.२५ | २०५.०५ |
| स्विस फ्रैन्क | १ को | १८८.०१ | १८८.७४ |
| अस्ट्रेलियन डलर | १ को | १०७.२७ | १०७.६९ |
| क्यानाडियन डलर | १ को | १०८.५९ | १०९.०१ |
| सिङ्गापुर डलर | १ को | ११८.७५ | ११९.२२ |
| जापानी येन | १० को | ९.३७ | ९.४० |
| चिनियाँ युआन | १ को | २२.६४ | २२.७३ |
| साउदी अरब रियाल | १ को | ४०.८० | ४०.९६ |
| कतारी रियाल | १ को | ४२.०१ | ४२.१८ |
| थाई भाट | ख १ को | ४.५६ | ४.५८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.७० | ४१.८७ |
| मलेसियन रिङेट | १ को | ३७.४९ | ३७.६४ |
| दक्षिण कोरियन वन | १०० को | १०.४३ | १०.४७ |
| स्विडिस क्रोनर | १ को | १५.८२ | १५.८८ |
| डेनिस क्रोनर | १ को | २३.३६ | २३.४५ |
| हङकङ डलर | १ को | १९.५३ | १९.६१ |
| कुवेती दिनार | १ को | ४९७.६० | ४९९.५५ |
| बहराइन दिनार | १ को | ४०६.२१ | ४०७.८० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

## सामाजिक सद्भाव र्‍याली




धनुषाको जनकपुरधाममा शनिबार आयोजना गरिएको सामाजिक शान्ति सद्भाव र्‍यालीमा सहभागी । सामाजिक सद्भाव, आपसी सहिष्णुता र शान्ति कायम गर्ने उद्देश्यले आयोजना गरिएको र्‍यालीमा प्रतिनिधिसभा सदस्यहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधि, धर्मगुरुहरू तथा संघसंस्थाका प्रतिनिधि तथा सुरक्षा निकायका अधिकारीहरूको सहभागिता रहेको थियो ।




बाँकेको नेपालगञ्ज बजारमा शनिबार आयोजना गरिएको सामाजिक सद्भाव र्‍यालीमा सहभागी । बिपी चोकबाट सुरु भएर धम्बोझी चोकमा पुगेर समापन भएको सो र्‍यालीमा राजनीतिक दल, धार्मिक अगुवाहरू, नागरिक समाजका अगुवाहरू, उद्योगी, व्यवसायी, प्राध्यापकलगायतको सहभागिता रहेको थियो ।

*तस्बिरः रासस*

# सामाजिक सद्भाव कायम राख्न पूर्वसशस्त्र प्रहरी संघको अपिल

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल पूर्वसशस्त्र प्रहरी संघले हाल तराईका विभिन्न जिल्लाहरूमा सिर्जित धार्मिक तनाव तथा हिंसात्मक घटनाहरूप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ ।

संघले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै सम्बद्ध सबै पक्षलाई संयमता र सामाजिक सद्भाव कायम राख्न अपिल गरेको छ । संघका अध्यक्ष नारायण बाबु थापा, वरिष्ठ उपाध्यक्ष सुबोधकुमार अधिकारी र महासचिव प्रेमराज पोखेलद्वारा जारी संयुक्त विज्ञप्तिमा नेपालको सामाजिक, धार्मिक तथा सांस्कृतिक विविधता राष्ट्रिय एकता र पहिचानको मुख्य आधार भएको उल्लेख गरिएको छ । विज्ञप्तिमा भनिएको छ, 'कुनै पनि प्रकारको धार्मिक द्वेष, उक्साहट, अफवाह वा हिंसात्मक गतिविधिले सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई कमजोर बनाउँछ ।'

विगतका यस्ता घटनाहरूबाट केवल क्षति नै व्यहोर्नुपरेको र मानवीय क्षतिको कुनै परिपूरण हुन नसक्ने भन्दै संघले सम्पूर्ण नागरिकलाई संयमता, सहिष्णुता, आपसी सम्मान र सामाजिक सद्भाव कायम राख्न आग्रह गरेको छ । यसैगरी, संघले सम्बन्धित सरकारी तथा सुरक्षा निकायहरूलाई कानुनको निष्पक्ष कार्यान्वयन गर्दै शान्ति, सुरक्षा र जनधनको संरक्षणमा प्रभावकारी भूमिका निर्वाह गर्न अनुरोध गरेको छ ।

सोही विज्ञप्तिमार्फत संघका सम्पूर्ण सदस्यहरू तथा पूर्वसशस्त्र प्रहरी कर्मचारीहरूलाई यो संवेदनशील परिस्थितिमा आफ्नो अनुभव, अनुशासन र सामाजिक उत्तरदायित्वलाई आत्मसात् गर्न आह्वान गरिएको छ । स्थानीय प्रशासन, सुरक्षा निकाय तथा समुदायसँग आवश्यक समन्वय गरी धार्मिक सहिष्णुता र सामाजिक सद्भावको संरक्षणमा आ-आफ्नो स्थानबाट सहयोग पुर्‍याउन संघले विशेष आग्रह गरेको छ ।

# पशुपतिमा साउनको तेस्रो सोमबारको तयारी

**काठमाडौं–** पशुपतिनाथ मन्दिर क्षेत्रमा साउनको तेस्रो सोमबारको तयारीस्वरूप सफाइ गरिएको छ । पशुपति क्षेत्र विकास कोषले साउनको सोमबारको तयारीस्वरूप विगत चार हप्ताअघिको शनिबारदेखि सफाइ अभियान सुरु गरेको हो ।

सफाइको चौथो साता शनिबार पनि पशुपति क्षेत्रका विभिन्न स्थानमा सफाइ गरिएको कोष सञ्चालक परिषद् सदस्यसमेत रहेका स्थानीयवासी एवं पशुपतिका भण्डारी केदारमान भण्डारीले जानकारी दिए ।

शनिबारको सफाइका क्रममा दर्शनका लागि भक्तजन लाम बस्ने चारै ढोकाअघिको क्षेत्र एवं मूल ढोका प्रवेशमार्ग क्षेत्रमा पनि सफाइ गरिएको उनले बताए ।

बज्रघर दक्षिणढोका र रुद्रगारेश्वर, वासुकी मन्दिर क्षेत्रमा सफाइ गरिएको छ । मन्दिरको सुरक्षा संयन्त्र कडाइ गर्न लागिएको छ । साउन १८ गते सोमबार बोलबम यात्रा पनि भएकाले पशुपति क्षेत्रमा विशेष व्यवस्था गरिएको कोषले जनाएको छ । बोलबम यात्रीलाई वासुकितिरबाट प्रवेश गराएर मूल मन्दिरको उत्तरढोकाबाट जल चढाउने व्यवस्था मिलाइएको पनि परिषद् सदस्य भण्डारीले बताए ।

सफाइमा कोषका सदस्यसचिव तीर्थ श्रेष्ठ, कोषाध्यक्ष मीनाकुमारी श्रेष्ठलगायत कोष सञ्चालक परिषद् सदस्यहरू, कोषका कर्मचारी, स्थानीय संघसंस्थालगायत स्थानीयवासीको पनि सक्रिय सहभागिता रहेको पनि उनले सुनाए । प्रहरी पहरा गणलगायत सुरक्षा निकायको पनि सफाइमा सहभागिता रहेको थियो ।

यो वर्ष साउन महिनामा चार वटा सोमबार परेको छ । पहिलो र दोस्रो सोमबार साउन ४ र ११ गते सम्पन्न भइसकेको छ । यसैगरी, साउनको १८ र २५ गते पनि सोमबार परेको छ । बाँकी दुईवटै सोमबार भक्तजनलाई सहजरूपमा पशुपतिनाथ मन्दिरभित्र पूजाआराधना एवं दर्शन गराउने उद्देश्यले यो सफाइ गरिएको हो ।

चान्द्रमासअनुसार भने साउन १८ गतेको सोमबार पहिलो हो । कतिपय भक्तजनले भने चान्द्रमासअनुसार साउन लागेपछि मात्र पशुपतिनाथलगायत शिवालयमा पूजा, आराधना एवं दर्शन गर्ने परम्परा रहेको बताएका छन् । *रासस*

# सहकारी ठगीको मुद्दा हेर्न समर्पित इजलास गठन गर्न अनुरोध


**काठमाडौं (प्रस)–** भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सहकारी ठगीसम्बन्धी मुद्दाको छिटो र छरितो ढंगले न्याय निरूपण गर्नका लागि सहकारी कसुर हेर्ने 'समर्पित इजलास' गठन गर्न भन्दै सर्वोच्च अदालतका प्रधानन्यायाधीशलाई प्रतिवेदन पेस गरेको छ ।

सहकारी ठगीसम्बन्धी मुद्दाको चाप बढिरहेकाले सो मुद्दा फर्स्योटका लागि समर्पित इजलास गठन गर्न अनुरोध गरिएको हो । मन्त्रालयले समर्पित इजलास गठन गर्नुको आवश्यकता र औचित्यको विषयमा कार्यदल गठन गरेर तयार पारेको प्रतिवेदन प्रधानन्यायाधीशलाई बुझाइएको मन्त्रीको निजी सचिवालयले जनाएको छ ।

सर्वोच्च अदालतले २०८२ माघ ११ गते जारी गरेको निर्देशनात्मक आदेशमा सहकारी कसुरसम्बन्धी मुद्दाको चाप बढी भएका जिल्ला अदालतमा आवश्यकताअनुसार समर्पित इजलास स्थापना गर्न अध्ययन गरी निष्कर्षका आधारमा कार्यान्वयन गर्ने आदेश दिएपछि मन्त्रालयले अध्ययन कार्यदल गठन गरेको थियो । भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले कार्यदलका सदस्यसहित उक्त प्रतिवेदन सर्वोच्च अदालतका प्रधानन्यायाधीश डा. मनोज शर्मालाई बुझाएकी हुन् । कार्यदलको प्रतिवेदनमा सहकारी कसुरलाई सामान्य ठगीको घटनाभन्दा फरक, ठूलो संख्यामा नागरिकको जीवन, सम्पत्ति र मुलुकको वित्तीय प्रणालीसँग प्रत्यक्ष सम्बन्धित सामाजिक-आर्थिक अपराधका रूपमा व्याख्या गरिएको छ ।

यस्ता मुद्दाको प्रभावकारी र छिटो सुनुवाइका लागि विशेष प्राथमिकतासहित समर्पित इजलास आवश्यक रहेको निष्कर्ष प्रतिवेदनले निकालेको छ । प्रतिवेदनमा सहकारी ठगीका मुद्दा लामो समयसम्म विचाराधीन रहँदा पीडित बचतकर्ताले आफ्नो बचत फिर्ता पाउन नसक्ने, न्यायमा ढिलाइ हुने तथा दोषीलाई विभिन्न प्रकारका संरक्षण हुने जोखिम बढ्ने उल्लेख गरिएको छ । सो प्रतिवेदनमा पीडितलाई समयमै न्याय दिलाउन, सहकारी क्षेत्रप्रतिको जनविश्वास पुनःस्थापित गर्न तथा वित्तीय सुशासन कायम गर्न समर्पित इजलास गठन अपरिहार्य रहेको कार्यदलको निष्कर्ष छ ।

# बागमती सफाइ अभियानको ६९०औं हप्ता पूरा




**काठमाडौं (प्रस)–** 'राष्ट्रका लागि हप्ताको दुई घण्टा स्वयंसेवा' भन्ने नाराका साथ सुरु भएको बागमती सफाइ महाअभियान ६९०औं हप्ता सम्पन्न भएको छ । सफाइ महाअभियानको ६९०औं हप्तामा गुह्येश्वरी फाँटस्थित बागमती नदी किनारमा सफाइ गरिएको हो ।

सफाइबाट आधा टन नकुहिने फोहोर व्यवस्थापन गरिएको अभियानकर्मी किशोरसिंह शाहीले जानकारी दिए । कुहिने फोहोर भने नदी किनारमा गाड्ने गरिएको छ । सफाइ महाअभियानबाट उठाइएको नकुहिने फोहोर काठमाडौं महानगरपालिका वातावरण विभाग टेकुको समन्वयमा व्यवस्थापन गरिएको उनले बताए ।

सफाइमा कामपा-११ का वडाध्यक्ष हीरालाल तण्डुकार, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका कर्मचारी, तिलगंगा महिला समूह एवं बागमती अभियानकर्मीहरूको सहभागिता थियो । सफाइका सहभागीले ५० थान विभिन्न जातका बिरुवा पनि बागमती नदी किनारमा रोपेका छन् ।

सो अवसरमा गत वर्ष रोपिएका बिरुवाको गोडमेल पनि गरिएको थियो । आगामी शनिबार ६९१औं हप्ताको बागमती सफाइ पनि गुह्येश्वरी क्षेत्रकै बागमती किनारमा गरिने छ । अर्को हप्ता पनि वृक्षरोपण एवं गोडमेल कार्यक्रमलाई निरन्तरता दिइने सफाइ महाअभियानले जनाएको छ ।

२०७० जेठ ५ गतेदेखि बागमती सफाइ महाअभियान सुरु भएको हो । महाअभियान सुरु भएदेखि प्रत्येक हप्ता शनिबार निरन्तर हुँदै आएको छ । महाअभियान सुरु भएदेखि वर्षा, गर्मी, जाडो, चाडपर्व, भूकम्प, कोरोना महामारीलगायत प्रतिकूल अवस्थामा पनि निरन्तरता पाउँदै आएको छ ।

बागमती सफाइ महाअभियान सुरु भएपछि यसका अधिकांश सहायक नदीमा पनि सफाइ अभियान सुरु भएको छ । यसैगरी राजधानीमा चक्रपथका विभिन्न खण्डमा पनि सफाइ अभियान जारी छ । राजधानीका विश्व सम्पदा क्षेत्रमा पनि सफाइ भइरहेको छ । विश्व सम्पदा सूचीमा सूचीकृत पशुपति क्षेत्र, बौद्धनाथ क्षेत्र, स्वयम्भूनाथ क्षेत्रमा पनि सफाइ भइरहेको छ ।

काठमाडौं उपत्यकाबाहिर मुख्य सहर र प्रमुख नदीमा पनि सफाइ भइरहेको छ । राजधानी बाहिरसमेत गरी हाल देशभर करिब १०८ भन्दा बढी स्थानमा सफाइ अभियान सञ्चालन भइरहेको छ ।

# घुससहित भूमि प्रशासनका कर्मचारी र लेखापढी व्यवसायी नियन्त्रणमा

**काठमाडौं (प्रस)–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भूमि प्रशासन कार्यालय लगनखेलमा कार्यरत कर्मचारी तथा लेखापढी व्यवसायीले तीन लाख रूपैयाँ घुस मागेको भन्दै पाँच जनालाई शुक्रबार नियन्त्रणमा लिएको छ ।

सो कार्यालयका नायब सुब्बा उत्तम कुँवर, विशाल सुन्दास, राजकुमार मगर र लेखापढी व्यवसायी शैलेन्द्र रानामगर र समीर कटवालसमेतको मिलेमतोमा जग्गाको बकसपत्र गराउने कामका लागि दुःख हैरानी दिई सेवाग्राहीसँग तीन लाख रूपैयाँ घुस/रिसवत माग गरेको भन्ने सूचना तथा उजुरीका आधारमा निजहरूलाई नियन्त्रणमा लिइएको आयोगले जनाएको छ ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेले आयोगको टोलीले तीन लाख रूपैयाँ घुस/रिसवतबापतको रकम र स्रोत नखुलेको २४ हजार ८९० रूपैयाँसहित ललितपुर महानगर वडा नं ४ स्थित एक होटलबाट शुक्रबार नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको जानकारी दिए ।

# वीरगञ्जमा निषेधाज्ञा हट्यो

**वीरगञ्ज (पर्सा)–** जिल्ला प्रशासन कार्यालय पर्साले जारी गरेको निषेधाज्ञा हटाइएको छ ।

पर्साका प्रमुख जिल्ला अधिकारी (सिडिओ) भोला दाहालका अनुसार साउन १४ गते बिहीबारबाट साँझ ५:०० देखि बिहान ६:०० बजेसम्म लागू हुँदै आएको निषेधाज्ञा शनिबारदेखि हटाइएको हो । उनले वीरगञ्जमा पछिल्ला दिनमा देखिएको जुलुस तथा हुलदंगा सामान्य बन्दै गएपछि निषेधाज्ञा हटाउने निर्णय गरिएको जानकारी दिए ।

सिरहाको गोलबजार घटनाका पीडित परिवार र सरकारबीच आठबुँदे सहमति भएपछि मृतकको अन्त्येष्टि प्रक्रिया अघि बढेसँगै केही दिनदेखि आन्दोलनरत हिन्दू समाज तथा विभिन्न हिन्दूवादी संघसंस्थाहरूले आफ्ना सबै विरोधका कार्यक्रम तत्कालका लागि स्थगित गरेका छन् ।

आन्दोलन स्थगित भएसँगै वीरगञ्ज तथा आसपासका क्षेत्रको जनजीवन, बजार, उद्योगधन्दा र यातायात सेवा पुनः नियमित बन्दै गएको छ । *रासस*

**ओमनमा रोजगार** कम्पनी : AYOUB BUSSINESS

पूर्व स्वीकृति मिति : २०८३/०४/१५ | LT. No. 345778 | चलानी नं. ६०२५९१२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 10 | 0 | 110 | ४३,५०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २४ गते (9th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Max Employment Center Pvt. Ltd.
Bijay Chowk-9 Kathmandu, Nepal, Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com
श्रम ईजाजत नं. १५३१/०७८/०७९

**साउदीमा रोजगार** कम्पनी : DREAM BAKERY FACTORY FOR INDUS

पूर्व स्वीकृति मिति : २०८३/०४/१५ | LT. No. 345885 | चलानी नं. ६०२५९१२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 1 | 0 | 1200 | ४८,९०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Packaging & Wrapping Worker | 1 | 0 | 1000 | ४०,७५३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २४ गते (9th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nexus Human Resource Pvt. Ltd.
Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9841093498

**साउदीमा रोजगार** कम्पनी : HUNTER WOLF COMPANY FOR LOGISTICS

पूर्व स्वीकृति मिति : २०८३/०४/१५ | LT. No. 345843 | चलानी नं. ६०२५९१२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pickup Truck Driver | 3 | 0 | 1800 | ७३,३५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन २४ गते (9th Aug 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GLOBAL RISING PLACEMENT PVT. LTD.
Pingalasthan-9, Gaushala, Kathmandu, Nepal, Website: www.globalrisingplacement.com
Phone: 01-5915317 | 5917318, Mobile: Contact No: +977 9801316619, +977 9801320919, +977 9801316653, +977 9801316614, +977 9705429619, E-mail: cv@globalrisingplacement.com.np
श्रम ईजाजत नं. १६१६/०७९/०८०

**युएइमा रोजगार** कम्पनी : ARMED FORCES OFFICERS CLUB AND HOTEL

पूर्व स्वीकृति मिति : २०८३/०४/१३ | LT. No. 345736 | चलानी नं. ६०२५९१२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chambarmaid/chamberman | 0 | 25 | 1000 | ४१,४०९ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chamber Man/chambermaid | 75 | 0 | 1000 | ४१,४०९ | | | | | | | |
| 3. | Commis(General Cook) | 25 | 0 | 1000 | ४१,४०९ | | | | | | | |
| 4. | Office Boys | 25 | 0 | 1000 | ४१,४०९ | | | | | | | |
| 5. | Stewards | 75 | 25 | 1000 | ४१,४०९ | | | | | | | |
| 6. | Waiter | 50 | 0 | 1000 | ४१,४०९ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २४ गते (9th Aug. 2026) मा हुनेछ ।
रिगल करियर इन्स्टिच्युट प्रा. लि. पोखरा, कास्कीमा मिति : २०८३ साउन २५ गते (10th Aug. 2026) मा हुनेछ ।
रेड कार्पेट होटल, नारायणगढ, चितवनमा मिति : २०८३ साउन २६ गते (11th Aug. 2026) मा हुनेछ ।
सेन्टर प्वाइन्ट पार्टी प्लेस, बिर्तामोड, झापामा मिति : २०८३ साउन २७ गते (12th Aug. 2026) मा हुनेछ ।
सुनसरी तालिम केन्द्र, इटहरी, सुनसरीमा मिति : २०८३ साउन २८ गते (13th Aug. 2026) मा हुनेछ ।
तिलोत्तमा तालिम केन्द्र, बुटवल, रूपन्देहीमा मिति : २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lucky Human Resource Pvt.Ltd.
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np
श्रम ईजाजत नं. १३०२/०७४/०७५

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## निम्स दाइ र सहयात्रीहरूप्रति श्रद्धाञ्जली

विश्व पर्वतारोहणको इतिहासमा एउटा स्वर्णिम र साहसिक अध्यायको अन्त्य भएको छ । पाकिस्तानको आठ हजार ५१ मिटर अग्लो ब्रोड पिकमा गएको हिमपहिरोमा परी विश्वकीर्तिमानी पर्वतारोही निर्मल पुर्जा 'निम्स दाइ' सहित छ जना नेपाली नेपाली आरोहीले ज्यान गुमाएको खबरले सिंगो देश र विश्वभरका हिमालप्रेमीहरूलाई स्तब्ध बनाएको छ । 'मलाई सुरक्षितरूपमा माथि पुग्न देऊ, अनि फेरि सुरक्षितरूपमा फर्किन देऊ' भन्दै ब्रोड पिकसँग बिन्ती गरेका निम्स दाइको त्यो अन्तिम प्रार्थना प्रकृतिको कठोर नियतिसामु पूरा हुन सकेन ।

निर्मल पुर्जा नेपाली पर्वतारोहणका एक युग थिए । बेलायती गोरखा सैनिक र स्पेसल बोट सर्भिसजस्तो सेवा छाडेर हिमालको काख रोजेका उनले 'असम्भव' भन्ने शब्दलाई नै चुनौती दिए । सन् २०१९ मा केवल छ महिना छ दिनमा विश्वका १४ वटै आठ हजार मिटरभन्दा अग्ला हिमाल आरोहण गरेर उनले रचेको 'प्रोजेक्ट पोसिबल'को इतिहासले विश्वलाई नै चकित बनाएको थियो । सन् २०२१ मा हिउँदको कठिन मौसममा केटु हिमालको ऐतिहासिक आरोहण होस् वा संकटमा परेका आरोहीहरूको साहसिक उद्धार, निम्स दाइले नेपालीको साहस, क्षमता र सहकारितालाई विश्वको सर्वोच्च शिखरमा पुर्‍याएका थिए ।

यस दुःखद दुर्घटनामा निम्स दाइसँगै पुरबहादुर गुरुङ 'युक्त', निमा शेर्पा, किलीपेम्बा शेर्पा, ग्यालु शेर्पा र नवाङथिन्डु शेर्पाजस्ता अनुभवी नेपाली आरोहीहरूले पनि आफ्नो ज्यान गुमाएका छन् । नेपाली शेर्पा र आरोहीहरू पर्वतारोहणका मेरूदण्ड हुन्, जसले आफ्नै ज्यान जोखिममा राखेर अरूका सपना पूरा गराउँछन् । उनीहरूको यो योगदान र बलिदान कुनै पनि कीर्तिमानभन्दा कम छैन ।

विश्वको सर्वोच्च शिखर सगरमाथाको देश हुनु हामी नेपालीका लागि गौरवको विषय हो । विश्वका १४ वटा आठ हजार मिटरभन्दा अग्ला हिमालहरूमध्ये आठ वटा नेपालमै छन् । यी हिमालहरूलाई विश्वमाझ चिनाउने काममा निम्स दाइको योगदान अतुलनीय छ । पर्वतारोहणमा नयाँ भाष्य स्थापित गराउने निम्स दाइसँगै ब्रोड पिकमा ज्यान गुमाएका युक्त गुरुङ र अन्य आरोहीहरूको योगदान तथा साहस मुलुकको पर्यटन क्षेत्रमा सदैव स्मरणीय रहिरहने छ ।

ब्रोड पिकको यो दुःखद घटनाले हामीलाई फेरि एउटा गम्भीर र कठोर सत्यको सम्झना गराएको छ– प्रकृतिको शक्ति अगाडि मानिसको सर्वोत्कृष्ट तयारी, अनुभव र अद्भूत आत्मविश्वास पनि कतिपय समयमा विवश बन्न पुग्छ । तर, निम्स दाइ र उनका सहयात्रीहरूको कथा यो दुर्घटनासँगै अन्त्य हुँदैन । उनीहरूले छाडेर गएको साहसको पदचाप, नेपाली ध्वजालाई विश्वभर फैलाएको स्वाभिमान र 'सपना ठूलो देख्नुपर्छ' भन्ने अमूल्य सन्देश भावी पुस्ताका लागि सधैं प्रेरणाको स्रोत बनिरहने छ ।

भौतिकरूपमा यात्रा रोकिए पनि निम्स दाइसहित सबै दिवंगत आरोहीहरूको साहस र समर्पण इतिहासका पानामा सधैं अमर रहने छ । दुःखको यस घडीमा दिवंगत सबै आरोहीहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं । हिमालका वीर सपूतहरू, तिमीहरूको साहसलाई सलाम !

श्रम सरोकार

## साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।


आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने ।

# 'शिखरमा पुगेपछि खुसी होइन, मान्छे कसरी जोगाउने भन्ने चिन्तामात्र हुन्छ'



पासाङदावा शेर्पा
आरोही

सोलुखुम्बुको पाङ्बोचेमा जन्मिएका ४९ वर्षीय **पासाङदावा शेर्पा**ले हालसम्म ३१ पटक सगरमाथा आरोहण सकेका छन् । कामीरिता शेर्पापछि सबैभन्दा बढी पटक सगरमाथा आरोहण गर्ने दोस्रो व्यक्तिका रूपमा उनी चिनिन्छन् । पादावा शेर्पाको नामलेसमेत परिचित उनले सगरमाथासहित चोयू, ल्होत्से र मनास्लु गरी आठ हजार मिटरभन्दा अग्लो हिमालमा ४३ पटक पाइला राखिसकेका छन् । सन् १९९८ मा पहिलोपटक सगरमाथा आरोहण गर्दा चर्चित बेलायती 'एडभेञ्चरर' एडवार्ड माइकल 'बियर' ग्रिल्सलाई गाइड गरेर शिखर पुर्‍याएका उनै शेर्पासँग *रासस*का **कुम्भराज राई**ले गरेको कुराकानी:

**तपाईंको हिमाल आरोहण यात्राबारे केही बताइदिनुस् न ?**

मैले १२-१३ वर्षको उमेरदेखि ट्रेकिङमा भरियाको रूपमा काम गर्न थालेको हुँ । त्यसपछि 'किचेन ब्वाई', 'कुक' हुँदै 'माउन्टेन गाइड'को भूमिकामा काम गर्न थालेँ । सन् १९९८ मा पहिलोपटक चर्चित बेलायती 'एडभेञ्चरर' एडवार्ड माइकल 'बियर' ग्रिल्सलाई गाइड गरेर सगरमाथा शिखरमा पुगेको हुँ । त्यो आरोहण निकै कठिन थियो । अहिलेजस्तो त्यतिखेर आरोहणको सुरुमै साउथकोलभन्दा माथि डोरी टाँग्ने (रोप फिक्सिङ) चलन थिएन । हामी दुई पटकको प्रयासमा शिखर पुगेका थियौं । पहिलोपटक हामी साउथ समिटबाट फर्किएका थियौं ।

**त्यतिबेला कस्तो किसिमको जोखिम... सामना गर्नुपरेको थियो ?**

त्यतिबेला विभिन्न आरोहण दलका शेर्पाले थोरैथोरै डोरी टाँग्दै बाटो बनाउनुपर्थ्यो । हाम्रो टोलीको डोरी साउथ समिटमा पुगेपछि सकियो । अनि हिलारी स्टेप पार गर्न गाह्रो भयो । साउथ समिट नजिकै हामी झण्डै १०० मिटर जति चिप्लियौं । अनि आधारशिविर नै फर्किएर एक हप्ता बसेर अर्को पटकको प्रयासमा शिखर पुगेका थियौं । त्यतिखेर बियर ग्रिल्स अहिलेजस्तो चर्चित थिएनन् । उनी एक सामान्य आरोहीका रूपमा आएका थिए ।

**यस वर्ष एकै सिजनमा दुईपटक सगरमाथा आरोहण गरेर ३१औं पटक सगरमाथा शिखरमा पुग्नुभयो, कुन–कुन मितिमा कसरी जानुभयो ?**

यसपटक एउटा अमेरिकन कम्पनी र नेपालको ट्रेक नेपाल नामक नेपाली कम्पनीबीचको सहकार्यमा सञ्चालित आरोहण दलमा आबद्ध भएर मैले १८ मे का दिन आरोहण गरेको थिएँ । अनि १९ मे का दिन बिहानै आधारशिविर आइपुगेर पूरा एक दिन आराम गरेर पुनः २० मे को दिन शिखरतर्फ लागेँ । अनि २२ मे का दिन दोस्रोपटक शिखर पुगेको थिएँ । दोस्रोपटक भने मैले कोही विदेशी नलगी एक्लै गएको थिएँ ।

**तपाईंको यो २८ वर्ष लामो सगरमाथा आरोहण अवधिमा सगरमाथामा के कस्ता परिवर्तन देख्नुभयो ?**

परिवर्तन त धेरै भएका छन् । पहिले किचेन टेन्ट नै अहिलेजस्तो थिएन । हामी आइसमाथि छेउछेउको ढुंगा बटुलेर गाह्रो लगाएर गोठजस्तै किचेन बनाउथ्यौं । अहिले त किचेन, डाइनिङ पूरै कार्पेट ओछ्याएर स्ट्याण्डर्ड खालको आइसक्यो ।

**भनेपछि सगरमाथा आरोहण साहसिकभन्दा सुविधायुक्त बढी भएको हो ?**

अहिले 'एडभेञ्चर' घटेको भन्दा पनि 'लक्जरी' बढेको भन्नुपर्ला । खासमा कसले लक्जरी सुविधा दिने भन्ने प्रतिस्पर्धाचाहिँ बढेको हो । एउटाले राम्रो बनाएपछि अर्कोले राम्रो बनाउने चलन सुरु भएको छ ।

**यो सुविधा विदेशी आरोही (ग्राहक)ले खोजिरहेका छन् कि कम्पनीले व्यवस्था गरिरहेको छ ?**

यो दुवैले हो । विदेशीले पनि खोज्छन् र कम्पनीले त्यहीअनुसार व्यवस्था गर्ने क्रम बढेको छ । विदेशीले सुविधा खोजेर त्यहीअनुसारको पैसा तिरेपछि कम्पनीले त व्यवस्था गर्नैपर्‍यो ।

**हिउँ पग्लिने दरलाई कसरी नियाल्नुभएको छ ? बर्सेनि खुम्बु आइसफलकै हिउँ धेरै नै पग्लियो भन्छन् नि ?**

खुम्बु आइसफलको कुरा गर्ने हो भने धेरै हिउँ पर्दा आइस धेरै देखिने र हिउँ कम पर्दा पग्लिएर घटेकोजस्तो देखिने भई नै रहन्छ । पहिलेभन्दा कतिपय ठाउँमा पग्लिन थालेको हो जस्तो पनि लाग्छ, तर मलाईचाहिँ त्यत्रो धेरै हिउँ पग्लिएर ठूलै परिवर्तन भएजस्तो अनुभव भएको छैन ।

**हिमालमा मौसम परिवर्तन भइरहेको छ कि त्यहाँ चढ्न आउने आरोहीहरूको व्यवहार परिवर्तन भइरहेको छ ?**

सन् २००० आसपाससम्म सगरमाथा शिखरको मौसम पूर्वानुमान अहिलेजस्तो भरपर्दो थिएन । मौसमका दृष्टिले आरोहीले जुनसुकै बेला जोखिम मोल्नुपर्थ्यो । अहिले त्यस्तो छैन । मौसमसम्बन्धी रिपोर्ट हेरेर मज्जाले आरोहीले आराम गर्न पाउँछन् । कतिपय विदेशी त आराम गर्न काठमाडौंसम्म आउँछन्, अनि जुन दिन मौसम राम्रो भनिएको हुन्छ, त्यसैअनुसार आरोहणका लागि उकालो लाग्ने चलन छ । हिजोआज खासमा हिमाल वा हिमालको मौसम परिवर्तन भएकोभन्दा पनि प्रविधिको विकाससँगै मौसम पूर्वानुमान भरपर्दो हुँदा आरोहीको व्यवहारमा केही परिवर्तन भएको हो । अब त आधार शिविरभन्दा माथि नै इन्टरनेट चल्न थालेकोले कहाँ कतिखेर के भइरहेको छ भनेर थाहा पाउन सजिलो भइसक्यो ।

**कोही अप्ठ्यारोमा परेका आरोहीलाई उद्धार गरेको अनुभव छ ?**

एकपटक एउटा हंगेरियन आरोही थियो । ऊ विनाअक्सिजन सगरमाथा आरोहण गर्ने भनेर गएको थियो । साउथ समिटतिर पुगेपछि त्यसलाई गाह्रो भएर निकै दुःख दियो । अनि उसलाई हामीले पूरै बाँधेर घिस्याएर क्याम्प-टू सम्म ल्यायौं । उसको जीवन त बचायौं तर हामीलाई निकै गाह्रो भएको थियो ।

> "
> - ट्रेकिङमा भरियाको रूपमा काम गर्न थालेको मैले 'किचेन ब्वाई', 'कुक' हुँदै 'माउन्टेन गाइड'को भूमिकामा काम गर्न थालेँ ।
> - सन् १९९८ मा पहिलोपटक चर्चित बेलायती 'एडभेञ्चरर' एडवार्ड माइकल 'बियर' ग्रिल्सलाई गाइड गरेर सगरमाथा शिखरमा पुगेको हुँ । त्यो आरोहण निकै कठिन थियो ।
> - अहिलेजस्तो त्यतिखेर आरोहणको सुरूमै साउथकोलभन्दा माथि डोरी टाँग्ने (रोप फिक्सिङ) चलन थिएन । हामी दुई पटकको प्रयासमा शिखर पुगेका थियौं ।
> - अहिले 'एडभेञ्चर' घटेको भन्दा पनि 'लक्जरी' बढेको भन्नुपर्ला । खासमा कसले लक्जरी सुविधा दिने भन्ने प्रतिस्पर्धाचाहिँ बढेको हो ।
> - पहिलेभन्दा कतिपय ठाउँमा पग्लिन थालेको हो जस्तो पनि लाग्छ, तर मलाईचाहिँ त्यत्रो धेरै हिउँ पग्लिएर ठूलै परिवर्तन भएजस्तो अनुभव भएको छैन ।
> - सन् २००० आसपाससम्म सगरमाथा शिखरको मौसम पूर्वानुमान अहिलेजस्तो भरपर्दो थिएन । मौसमका दृष्टिले आरोहीले जुनसुकै बेला जोखिम मोल्नुपर्थ्यो । अहिले त्यस्तो छैन । मौसमसम्बन्धी रिपोर्ट हेरेर मज्जाले आरोहीले आराम गर्न पाउँछन् ।

**यस वर्षको सगरमाथा आरोहणलाई लिएर धेरै नै भीड बढ्यो भन्ने चर्चा भयो । तपाईंलाई कस्तो लाग्छ, भीड बढेकै हो ?**

भीड त बढेकै हो । अर्कोतिर खुम्बु आइसफलको बाटो खुल्न ढिलो हुँदा झनै बाटोमा भीड धेरै देखियो । तर यसपटकको आरोहणलाई हेर्ने हो भने तुलनात्मकरूपमा खासै दुर्घटना नभएकाले निकै सफल र सुरक्षित आरोहण वर्षका रूपमा लिँदा हुन्छ ।

**तपाईं सगरमाथामा सबैभन्दा बढी पटक आरोहण गर्ने विश्व कीर्तिमानीको प्रतिस्पर्धामा हो कि, पेसाकै रूपमा आरोहण गर्दा प्रतिस्पर्धा गरेजस्तो देखिएको हो ?**

त्यस्तो प्रतिस्पर्धा होइन । मैले यसपटकको ३१औं आरोहणबाहेकका सबै आरोहण गाइडका रूपमा अन्य आरोहीलाई लिएरमात्र गएको हुँ । यस वर्षको अन्तिम आरोहण भने मेरो कम्पनीको सहयोग र विदेशी साथीहरूको अनुरोधमा पहिलोपटक विनाआरोही एक्लै गरेको हुँ ।

**सगरमाथामा प्लास्टिकजन्य फोहोर बढेको भन्ने विषयमा तपाईंको धारणा के छ ?**

पहिलेभन्दा त अहिले धेरै घटेको हो । पहिले त साउथकोलमै अक्सिजनको सिलिण्डर छरपस्ट देखिन्थ्यो । पालहरू त्यत्तिकै देखिन्थ्यो । अहिले पालहरू अलिअलि देखिए पनि अक्सिजनको सिलिण्डर त एउटा पनि देखिँदैन । धेरै सफा गरिएको छ । हिमालमा यस्ता सामग्री बढ्यो भनेर जसरी भन्नु सजिलो छ त्यहाँ गएर सफा गर्नु धेरै गाह्रो छ । बरफले पाल थिचेपछि निकाल्नै सकिँदैन । सिसाले थिचेजस्तो भइसकेको हुन्छ, सफा गर्नलाई तान्न खोज्दा टुक्रामात्र आउँछ । अहिले त पहिलेजस्तो बाटोमा लासहरू पनि खासै देखिँदैन । यसै वर्ष त्यही हिलारी स्टेप छेउमा एकजना इण्डियनको लास छ, त्यत्ति हो ।

**तपाईंको विचारमा हिमालमा जलवायु परिवर्तनको असर देखिनुका पछाडि आरोहीका गतिविधि प्रमुख होला कि ठूलठूला प्रदूषणजन्य गतिविधि ?**

मलाई त थोरै संख्याको आरोहीले हिमालमा गर्ने गतिविधिभन्दा त प्रदूषणजन्य अरू किसिमका गतिविधि नै मुख्य होलाजस्तो लाग्छ । उदाहरणकै लागि हेर्ने हो भने सगरमाथामा गरिने प्रदूषणभन्दा यहाँ काठमाडौंमा कति धेरै प्रदूषण हुन्छ । यहाँ हुने गतिविधिले पनि त हिमालमा असर पुर्‍याइरहेको हुन्छ ।

**तपाईंलाई कहिलेकाहीं सगरमाथालाई आराम दिन पाए हुन्थ्यो जस्तो लाग्दैन ?**

मलाई व्यक्तिगतरूपमा सोच्दा त दुई-तीन वर्ष आराम दिन पाए हुन्थ्यो जस्तो लाग्छ । तर के गर्ने विदेशीहरू पनि मान्दैनन् । अनि आरोहणसँग जोडिएको रोजगारीको सवाल छ । राज्यले गर्ने आम्दानीदेखि एउटा ट्याक्सी ड्राइभर, होटलवाला, भरियादेखि सबैलाई आर्थिकरूपमा असर पर्ने भएकाले आराम दिन पनि गाह्रै होला ।

**राज्यले शेर्पाहरूको योगदानलाई कत्तिको सम्मान गरेको छ ?**

अलिअलि त गरेको होला तर महसुस हुनेगरी गरेको मलाई थाहा भएन । यसै वर्षचाहिँ पर्यटन बोर्डले मलाई अलिकति नगदसहित सम्मान गर्‍यो । यो पनि सबैलेचाहिँ पाउँदैनन् ।

**पहिलो पुस्ताको शेर्पाहरूले हातमुख जोर्नकै लागि हिमालमा भारी बोक्नुपर्ने बाध्यता थियो, अहिले तपाईंहरूको पालामा केही अन्तर छ ?**

खासै अन्तर छैन । अहिले पनि हामी धेरैजसो शेर्पाहरूले जीविकाकै लागि हिमालमा काम गरिरहेका छौं ।

**हिमालमा काम गरेको आम्दानीबाट सन्तुष्ट हुनुहुन्छ ?**

सन्तुष्ट नै भनौं न । रोजगारीका लागि अरू पेसा छैन ।

**तपाईंको अर्को पुस्ता आरोहणको क्षेत्रमा लागेका छन् कि छैनन् ?**

अब मेरै छोराको कुरा गर्ने हो भने लाग्दैनन् । खुम्बु क्षेत्रका हिमालमा काम गर्ने धेरै शेर्पाका अर्को पुस्ता यो पेसामा लाग्ने सम्भावना घटिसकेको छ तर जस्तै संखुवासभाको मकालु क्षेत्र, सोलुखुम्बुकै अन्य ठाउँका शेर्पाहरूका नयाँ पुस्ता यो क्षेत्रमा आइरहेका छन् । त्यसैगरी, राई, गुरुङजस्ता अन्य समुदायको उपस्थिति यो पेसामा बढेको छ ।

**तपाईंको विचारमा हिमाल के रहेछ ? सगरमाथा शिखरमा पुगिरहँदा कस्तो अनुभूति हुने गर्छ ?**

पहिलो, दोस्रोपटक शिखरमा पुग्दा त खुसी लाग्थ्यो । अझ आफूले गाइड गरेर लगेको आरोही पनि पुर्‍याउन पाउँदा झन् खुसी लाग्थ्यो । तर पछिपछि त शिखर पुगिसकेपछि आफूलाई अरू कुरा सोच्नेबारे कुनै ध्यान नै हुँदैन । खाली आफूले लगेको आरोहीलाई कसरी सुरक्षितरूपमा फर्काउने होला भन्ने चिन्तामात्रै हुन्छ ।

**प्राविधिकरूपमा सगरमाथाभन्दा कठिन मानिने आमादब्लम हिमाल तपाईंले ७० पटकभन्दा बढी आरोहण गरिसक्नुभयो भन्ने कुरा वास्तविक हो ?**

मैले आमादब्लम सन् १९९५ देखि चढ्न थालेको हुँ । 'सिजन'मा दुई देखि तीनपटकसम्म चढेको छु । मैले गनेर राखिनँ । त्यही भएर ठ्याक्कै कतिपटक चढेँ भनेर थाहा छैन । मेरो विचारमा ५० पटकभन्दा चाहिँ बढी नै भयो ।

**कहिलेसम्म हिमाल आरोहणलाई निरन्तरता दिन्छु भन्ने लागेको छ ?**

अब ज्यानले साथ दिएसम्म । यति नै भन्ने छैन । ज्यानले साथ दिए अझै पाँच छ वर्ष होला नभए दुई-तीन वर्षसम्म होला कि, ठ्याक्कै भन्न सकिन्न ।

**भनेपछि सगरमाथा आरोहणले अझै निरन्तरता पाउँछ ?**

त्यो त 'सिजन' लागेपछि थाहा हुन्छ । अब आफूले गाइड गर्ने आरोही शिखरसम्म पुग्ने अवस्था आयो र आफू पनि सक्षम भइयो भने त निरन्तरता नपाउने कुरा भएन तर बीचमा कुनै अन्य परिस्थिति आयो भने यसै हुन्छ भनेर भन्ने कुरा भएन ।

**परिवारको सदस्यले हिमाल नचढ्नु भन्नुहुन्न ?**

भन्न त भन्छन् तर आफ्नो काम नै त्यही भएकाले होला । 'सिजन' सुरू भएसँगै सबै साथी झोला बोकेर हिँडेको देखेपछि आफूलाई पनि सकसक लागेर आइहाल्छ ।

**तपाईं हिमालमै जन्मिनुभयो, हिमालै चढिरहनुभएको छ, तपाईंले हिमालभन्दा बाहिरको जीवन बाँच्नेबारे केही सोच्नुहुन्छ ?**

अब यो वसन्त ऋतु आएपछि त म हिमाल चढ्नेबाहेक अरू कुरा सोच्नै सक्दिन । त्यसबाहेकका समय खेतीपाती र मेरो श्रीमतीको सानो व्यवसाय दिङबोचेमा भएकाले त्यहाँ पनि बिताउँछु । अरू खासै केही सोचेको छुइन ।

**विदेशतिर जाँदाको कुनै अविष्मरणीय अनुभव छ ?**

सन् २०२२ मा एकजना मैले सगरमाथा चढाएको बेलायती आरोहीले मलाई बेलायत बोलाउनुभएको थियो । त्यहाँ केण्डल माउण्टेन फेस्टिभल भन्ने ठूलो कार्यक्रम रहेछ । त्यहाँ प्रसिद्ध आरोहीहरू पनि भेटिए । बियर ग्रिल्सलाई पनि भेटेको थिएँ । मलाई त्यहाँको एउटा सेनाको क्याम्पमा पनि बोलाएर ठूलो सम्मानसहित स्वागत गरे । म एक महिनासम्म धेरै ठाउँमा घुमेर फर्किएँ ।

**अन्त्यमा, राज्यले के गरिदिए हिमालमा काम गर्ने तपाईंजस्ता शेर्पाहरूलाई सजिलो हुने थियो ?**

सकेसम्म राज्यले हिमालमा काम गर्ने शेर्पा र उनीहरूको परिवारको सामाजिक सुरक्षाका लागि केही स्थायीरूपमा काम गरिदिए हुन्थ्यो । धेरै साथीहरूले यस विषयमा बोलिसकेका छन् । अहिलेसम्म त केही भएको छैन । भइदिए हुन्थ्यो भन्ने लाग्छ ।



**जनै बनाउँदै ज्येष्ठ नागरिक** | यस वर्षको जनैपूर्णिमा नजिकिँदै गरेका अवस्थामा कास्कीको पोखरा महानगरपालिका-३२ तल्लो गगनगौंडास्थित पुरानो गाउँको चौतारामा जनै बनाउन व्यस्त ज्येष्ठ नागरिक । *तस्बिरः रासस*

# बागलुङमा सद्भाव र्‍याली

**गण्डकी–** शान्ति, एकता र मानवताको सन्देशसहित प्रबुद्ध युवा समूह बागलुङले शनिबार सदरमुकाममा सद्भाव र्‍यालीको आयोजना गर्‍यो । केही दिनयता तराई-मधेसमा देखिएको तनावबीच समूहले सबै जातजाति, धर्म, संस्कृति र समुदायबीच एकता र भातृत्व कायम गर्न आग्रह गर्दै सद्भाव र्‍याली निकालेको हो ।

र्‍यालीमा सहभागी बागलुङ-१ का प्रतिनिधिसभा सदस्य सुशील खड्काले सबै धर्मको उद्देश्य मानवता र शान्ति रहेको बताए । अहिलेको संवेदनशील घडीमा सबै पक्षले संयमता अपनाउनुपर्ने उनको भनाइ छ । 'हामी विभिन्न धर्म, जातजातिमा बाँडिए पनि सामाजिक एकता र सद्भाव सबैभन्दा महत्त्वपूर्ण कुरा हो,' उनले भने, 'मानवता भन्दा ठूलो अर्को कुनै धर्म छैन ।'

बागलुङ-२ का प्रतिनिधिसभा सदस्य सोम शर्माले सामाजिक एकता र सद्भावलाई बिथोल्न खोज्ने प्रवृत्तिको सबै मिलेर प्रतिवाद गर्नुपर्ने बताए । सद्भाव र्‍यालीमार्फत बागलुङले शान्ति र एकताको सन्देश दिएको उनको भनाइ छ । 'शान्ति र एकता कायम गरौं, सबै मिलेर बसौं, मानवता प्रवर्द्धन गरौं,' शर्माले भने । मुस्लिम समुदायका प्रतिनिधि आश्विन शेखले धर्मका नाममा कुनै पनि विभेद गर्न नहुने बताए । सामाजिक सञ्जालमा फैलिएका भ्रमपूर्ण सूचना रोक्नुपर्ने उनको भनाइ छ । र्‍यालीमा सहभागीहरूले जिल्लामा धार्मिक, जातीय एवं साम्प्रदायिक सद्भाव कायम राख्ने प्रतिबद्धता जनाएका थिए । विभिन्न धार्मिक संघसंस्थाका प्रतिनिधिलगायत सरोकार भएका पक्षहरूको र्‍यालीमा सहभागिता रहेको थियो । रासस

लुम्बिनीका मुख्यमन्त्री आचार्यको आग्रह

# सामाजिक सद्भाव र शान्ति सुरक्षामा संवेदनशील बनौं

**दाङ–** लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र आपसी एकता कायम राख्दै सुरक्षा निकायलाई उच्च संवेदनशीलताका साथ जिम्मेवारी निर्वाह गर्न निर्देशन दिएका छन् ।



आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा शनिबार बसेको लुम्बिनी प्रदेश सुरक्षा समितिको 'भर्चुअल' बैठकमा मुख्यमन्त्री आचार्यले पछिल्लो समय तराई-मधेसका केही जिल्लामा घटेका घटना दोहोरिन नदिन र शान्ति सुरक्षा कायम राख्न आपसी सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिँदै सुरक्षा निकाय थप संवेदनशील हुनुपर्ने आवश्यकता औंल्याए । उनले सामाजिक सञ्जालमार्फत हुने दुस्प्रचार, अफवाह र उत्तेजनात्मक गतिविधिमाथि प्रभावकारी निगरानी बढाउन निर्देशन दिए ।

मुख्यमन्त्री आचार्यले सबै सुरक्षा निकायका प्रतिनिधि उच्च मनोबलका साथ परिचालित भइरहेका उल्लेख गर्दै आवश्यक समन्वय र सही सूचनाको आदानप्रदानलाई अझ प्रभावकारी बनाउन आग्रह गरे ।

बैठकमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना र राष्ट्रिय अनुसन्धान विभागका प्रदेश प्रमुख तथा बाँके, कपिलवस्तु, बर्दिया, रूपन्देही र नवलपरासी (पश्चिम) का प्रमुख जिल्ला अधिकारीले आ-आफ्नो जिल्लाको सुरक्षा अवस्था, सामाजिक सद्भावसँग सम्बन्धित विषय र सम्भावित जोखिमबारे प्रतिवेदन प्रस्तुत गरेका थिए ।

यसैबीच शनिबार बिहान मुख्यमन्त्री आचार्यले सामाजिक, धार्मिक र जातीय सद्भाव कायम राख्न प्रदेशवासीमा अपिल गरेका छन् । कोशी प्रदेशको सुनसरीको देवानगञ्जसहित क्षेत्रमा हालै भएका घटनापछि उत्पन्न परिस्थितिप्रति चिन्ता व्यक्त गर्दै उनले आपसी संयमता अपनाउन सबैमा आग्रह गरेका हुन् ।

मुख्यमन्त्री आचार्यद्वारा जारी अपिलमा समाजमा शान्ति, अमनचैन र आपसी भाइचारा कायम राख्नु सबैको साझा दायित्व भएको उल्लेख छ । उनले घटनामा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकाकूल परिवारजनमा समवेदना व्यक्त गरेका छन् भने घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् । घटनापछि उत्पन्न विषम् परिस्थितिलाई सामान्य बनाउन तीन तहका सरकार र सम्बन्धित निकायबाट प्रभावकारी प्रयास भइरहेको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले नागरिकलाई सुरक्षित र शान्तिपूर्ण वातावरणमा जीवनयापन गर्ने अवस्था सिर्जना गर्न सबै पक्ष जिम्मेवार बन्नुपर्ने बताएका छन् । *रासस*

# खजुरा क्यान्सर अस्पतालका ४४ उपकरण मर्मत

**नेपालगञ्ज (बाँके)–** बाँकेको सुशील कोइराला प्रखर क्यान्सर अस्पताल खजुरामा लामो समयदेखि बिग्रिएर थन्किएका ४४ वटा विभिन्न उपकरणको मर्मत गरिएको छ । राष्ट्रिय आविष्कार केन्द्रका प्राविधिकले एक साताको अवधिमा ती उपकरण मर्मत गरेको अस्पताल प्रशासनले जनाएको छ ।

क्यान्सर अस्पतालका निर्देशक डा. नीरज भट्टराईले मर्मत भएका उपकरण प्रयोगमा ल्याइएको जानकारी दिँदै केही उपकरण मर्मतका लागि सुझाव दिएकाले प्राविधिक टोलीले लिएर गएका बताए । 'मर्मत भएका सबै उपकरण प्रयोगमा आएपछि बिरामीलाई सहज वातावरण निर्माण भएको छ,' उनले भने ।

सो अस्पतालमा लामो समयदेखि बिग्रिएर थन्किएका आवश्यक उपकरणको मर्मत सम्भारका लागि साउनको पहिलो साता राष्ट्रिय आविष्कार केन्द्र र क्यान्सर अस्पतालबीच सम्झौता भएको थियो । अस्पतालका निर्देशक डा. भट्टराईले सम्झौता भएलगत्तै आविष्कार केन्द्रका बायोमेडिकल टोली प्रमुख एवं इञ्जिनियर उमेश किरातीको नेतृत्वमा रहेका पाँच जना प्राविधिकको टोलीले बिग्रिएका उपकरणको मर्मत सम्भार गरेको जानकारी दिए ।

> "मर्मत सम्भार गरिएको उपकरणमा क्यान्सरसम्बन्धी रोग परीक्षण तथा उपचार गर्ने विभिन्न उपकरण रहेका छन् । ती उपकरणहरु मर्मत सम्भार भएर पुनःसञ्चालनमा आएपछि बिरामीको उपचार सहज र छिटो हुन थालेको उनको भनाइ छ ।

मर्मत सम्भार गरिएको उपकरणमा क्यान्सरसम्बन्धी रोग परीक्षण तथा उपचार गर्ने विभिन्न उपकरण रहेका छन् । ती उपकरणहरू मर्मत सम्भार भएर पुनःसञ्चालनमा आएपछि बिरामीको उपचार सहज र छिटो हुन थालेको उनको भनाइ छ ।

आविष्कार केन्द्रका इञ्जिनियर किरातले अस्पतालसँग केन्द्रको सम्झौताबमोजिम लामो समयदेखि बिग्रिएका विभिन्न उपकरणको आफूहरूले मर्मत सम्भार गरेको बताए । उनका अनुसार मर्मत सम्भार गरिएका उपकरणमा एक्सरे मेसिन दुई वटा, अल्ट्रासाउन्ड मेसिन एउटा, भेन्टिलेटर तीन वटा, एनेस्थेसिया मेसिन एउटा, केमो क्याबिनेट एउटा, माइक्रोस्कोप, ल्याप्रोस्कोपी टावरलगायत छन् ।

ल्याप्रोस्कोपी टावरको केही सामान यहाँ उपलब्ध नभएर बाहिरबाट मगाउनुपर्ने देखिएको पनि इञ्जिनियर किरातले बताए । सोही कारणले अस्पतालमा बिग्रिएको मेमोग्राफको पनि मर्मत सम्भारमा समस्या परेको उनको भनाइ छ । क्यान्सर अस्पतालमा रहेको अन्य दुई उपकरण मर्मतका लागि काठमाडौं लगिएको छ ।

खजुराका स्थानीय अगुवा शिवराज श्रेष्ठले लामो समयदेखि बिग्रिएर थन्किएका अस्पतालका आवश्यक उपकरणको मर्मत सम्भार भएपछि अब बिरामीलाई साना परीक्षणका लागि पनि बाहिर जानुपर्ने बाध्यताको अन्त्य भएको बताए । उनले सरकारले राष्ट्रिय आविष्कार केन्द्रलाई अझै बलियो र सदृढ बनाउँदै देशभरि बिग्रिएका विभिन्न क्षेत्रका उपकरण मर्मत र नयाँ निर्माणमा सक्रिय बनाउनुपर्ने माग गरे । गत वर्ष भेरी अस्पतालमा १२ वटा विभिन्न उपकरण पनि मर्मत गरिएको थियो । *रासस*




# सामाजिक सद्भावविरोधी क्रियाकलापको सूक्ष्म निगरानी गर्न मुख्यमन्त्री शाहको निर्देशन



**सुदूरपश्चिम–** सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले प्रदेशमा हुनसक्ने सामाजिक सद्भावविरोधी क्रियाकलापको सूक्ष्म निगरानी गरी त्यसविरुद्ध तयारी अवस्थामा रहन सरोकार भएका निकायलाई निर्देशन दिएका छन् ।

शनिबार बिहान धनगढीस्थित मुख्यमन्त्री निवासमा समसामयिक सुरक्षास्थिति र विपद् व्यवस्थापनका विषयमा सुरक्षा निकायसँगको बैठकमा उनले सम्भावित चुनौतीको मिलेर सामना गर्नुपर्ने बताए । मुख्यमन्त्री शाहले सुनसरीसहित तराई-मधेसका जिल्लामा भइरहेका घटनाबाट सुदूरपश्चिममा पर्नसक्ने सम्भावित जोखिमबारे सचेत रहँदै सामाजिक सद्भाव कायम गर्ने/गराउने सम्बन्धमा सक्रिय हुन सबैलाई निर्देशन दिए ।

बैठकमा सामाजिक सद्भावका लागि सार्वजनिक अपिल र सबै जिल्लामा सद्भाव र्‍यालीको आयोजना गर्न जिल्ला प्रशासन कार्यालयले समन्वय गर्ने विषयमा सूचित गरिएकोबारे मुख्यमन्त्रीलाई जानकारी दिइएको मुख्यमन्त्रीका जनसम्पर्क तथा प्रेस सल्लाहकार डम्बर बमले जानकारी दिए ।

'सामाजिक सद्भावविरोधी क्रियाकलापले यस प्रदेशमा पार्ने प्रभाव, शान्ति सुरक्षाको अवस्थाबारे पूर्वानुमान गरी त्यस्ता घटना हुन नदिन सुरक्षा निकायबाट पूर्वसर्तकता अपनाउन आवश्यक छ,' मुख्यमन्त्रीको भनाइ उद्धृत गर्दै उनले भने, 'यसका साथै मनसुनबाट सिर्जना हुनसक्ने विपद्लाई ध्यानमा राखी विपद् व्यवस्थापन, प्रतिकार्यलगायत कामका लागि तयारी अवस्थामा रहन सबै सुरक्षा निकायलाई निर्देशन दिइएको छ ।'

बैठकमा समसामयिक राजनीतिक तथा सामाजिक अवस्था, विभिन्न क्षेत्रमा भइरहेका प्रदर्शनका साथै मनसुनका कारण हुनसक्ने विपद्का बहुआयामिक चुनौतीबारे छलफल गरिएको थियो । बैठकले सामाजिक सद्भाव कायम गर्नका लागि सबैले आ-आफ्नो क्षेत्रबाट सकारात्मक भूमिका निर्वाह गर्नका लागि अपिलसमेत गरेको छ ।

बैठकमा प्रमुखसचिव वैकुण्ठप्रसाद अर्याल, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव तेजप्रकाश जोशी, नेपाली सेना सुदूरपश्चिम पृतना मुख्यालय तेघरीका पृतनापति पवन खत्री, उपरथी किरण केसी, प्रदेश प्रहरी कार्यालयका प्रमुख सानुराम भट्टराई, सशस्त्र प्रहरी बल नेपाल नं ७ वैद्यनाथ बाहिनीका बहिनीपति दिगविजय सुवेदीलगायतको उपस्थिति थियो ।

## सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम राख्न अपिल

यसैबीच सुदूरपश्चिम प्रदेश सरकारले सुनसरीको कप्तानगञ्ज घटनापछि उत्पन्न परिस्थितिलाई दृष्टिगत गर्दै सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र शान्ति कायम राख्न सबैमा अपिल गरेको छ ।

मुख्यमन्त्री शाहले शनिबार एक अपिल जारी गरी नेपाल बहुजातीय, बहुभाषिक र बहुधार्मिक विशेषता बोकेको मुलुक भएकाले सामाजिक, सांस्कृतिक तथा धार्मिक उत्सवहरू मनाउँदा एकअर्काको भावना र शान्तिमा खलल नपुग्ने गरी मर्यादित व्यवहार गर्न आग्रह गरिएको छ । साथै, सामाजिक सञ्जालमा अफवाह, घृणायुक्त अभिव्यक्ति वा भ्रामक सामग्री पोस्ट वा साझा गरेर समाजमा वैमनस्य फैलाउने कार्य नगर्न पनि अनुरोध गरिएको छ ।

प्रदेश सरकारले कानुन हातमा लिने, सामाजिक सद्भाव भड्काउने तथा अराजकता फैलाउने गतिविधिमा संलग्नलाई कानुनी दायरामा ल्याउन राज्यका निकाय सक्रिय रहेको जनाएको छ । प्रदेशका नागरिकलाई संयमता अपनाई कुनै गतिविधि गर्नु परे स्थानीय तह, प्रशासन र सुरक्षा निकायसँग समन्वय गर्न पनि आग्रह गरिएको छ ।

सुनसरी घटनाको सम्भावित प्रभावलाई दृष्टिगत गर्दै खुला सीमाका कारण हुन सक्ने घूसपैठ तथा अवाञ्छित गतिविधि रोक्न सुदूरपश्चिमका सीमा क्षेत्रमा विशेष सतर्कता अपनाउन सुरक्षा निकायलाई निर्देशन दिइएको पनि अपिलमा उल्लेख छ । प्रदेशका सबै जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायलाई पूर्णतयारी अवस्थामा रही सुरक्षा व्यवस्था चुस्त बनाउनसमेत निर्देशन दिइएको जनाइएको छ ।

यस्तै, सामाजिक सञ्जाल वा अन्य माध्यमबाट समाजमा उत्तेजना, घृणा र वैमनस्य फैलाउनेगरी सार्वजनिक अफवाह र गलत सूचना प्रवाह गर्ने जो-कोहीलाई कडा कानुनी कारबाही गरिने चेतावनी पनि दिइएको छ । साथै, सञ्चारकर्मी तथा सञ्चारमाध्यमलाई पनि सामाजिक सद्भावमा आँच आउने खालका सामग्री प्रसारण नगरी सत्य, तथ्य र वस्तुनिष्ठ समाचारमात्रै सम्प्रेषण गर्न आग्रह गरिएको छ ।

'शान्ति, सुरक्षा, सामाजिक एकता, धार्मिक सहिष्णुता र पारस्परिक भाइचारा कायम राख्न सरकार, राजनीतिक दल, नागरिक समाज, धार्मिक अगुवा, उद्योगी-व्यवसायी, सामाजिक संस्था, सञ्चारमाध्यम र आमनागरिक सबैको सहकार्य आवश्यक छ । त्यसका लागि सामाजिक एकता थप बलियो बनाउने कार्यमा योगदान गर्न सबैमा आह्वान गर्दछु,' विज्ञप्तिमा भनिएको छ ।

सुनसरीमा र अन्य जिल्लामा प्रदर्शनका क्रममा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारमा समवेदना तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामनासमेत गरिएको छ । *रासस*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८४००० | प्रति तोला – ० | प्रति तोला – ४३७० |



**हरियाली धानफाँट** | पोखरा महानगरपालिका–३२ बेलबुटे क्षेत्रमा देखिएको हरियाली धानफाँट । बस्ती विकाससँगै यी फाँटहरूमा खेती घट्दो छ ।
*तस्बिर : वासुदेव पौडेल/रासस*

# ‘ग्यासको आपूर्ति नियमित छ, अभाव छैन’

■ प्रभाव संवाददाता

**काठमाडौं–** खाना पकाउने एलपी ग्यासको बिक्रीलाई व्यवस्थित बनाउन नेपाल आयल निगमले टेकुस्थित कार्यालयबाट विभिन्न पाँच कम्पनीको ग्यास सिलिण्डर बिक्री गर्ने व्यवस्था मिलाएको छ ।

निगमले शनिबारदेखि काठमाडौं उपत्यकामा बजारीकरण गर्ने नेपाल, एचपी, एभरेष्ट, सुगम र श्रीराम ग्यासका सिलिण्डर सम्बन्धित उद्योगमार्फत बिक्रीवितरण गर्ने व्यवस्था मिलाएको हो । निगमका प्रवक्ता मनोज ठाकुरका अनुसार ती उद्योगले बिहान ११:०० देखि अपराह्न ५:०० बजेसम्म १४ दशमलव दुई केजीका ग्यास सिलिण्डरको बिक्री वितरण गर्नेछन् ।

गत जुलाईमा मात्रै करिब ४९ हजार मेट्रिकटन ग्यास आयात भएको निगमले जनाएको छ । उद्योगीले यही साउन १ गतेदेखि १५ गतेसम्म २६ दशमलव पाँच मेट्रिकटन ग्यास आयात गरेका छन् ।

‘ग्यासको अभाव होइन, मागअनुसारको ग्यास आपूर्ति भइरहेको छ, सात दशमलव एक किलो ग्यास भएको सिलिण्डरबाट १४ दशमलव दुई किलोमा ‘स्वीच’ हुँदा तत्काल समस्या देखिएको हो’, प्रवक्ता ठाकुरले भने, ‘बढीमा एक सातामा ग्यासको बिक्रीवितरण सहज हुनेछ ।’

निगमले माग अनुसारको ग्यास आयत भइरहेको दाबी गरेपनि उपभोक्ताले सहजै ग्यास पाउन नसकेको गुनासा गरेका छन् । काठमाडौं उपत्यकासहित देशका विभिन्न स्थानमा ग्यासको अभाव देखिएको छ । अधिकांश बिक्रेताले उद्योगबाट ग्यास नआएको भन्दै उपभोक्तालाई फर्काइरहेका छन् ।

काठमाडौंको बालाजु क्षेत्रमा बसोबास नवराज पोखरेलले केहीदिनदेखि सहज रूपमा ग्यास नपाएको गुनासो गरे । ‘ग्यास पसलमा जाँदा उद्योगबाट ग्यास नआएको भनेकाले नाम टिपाएर आएको छु । एक-दुई दिनमा ग्यास आएपछि पसलेले पठाउँछु भनेका छन्’, उनले भने ।

एलपी ग्यासको आयात तथा बिक्रीवितरण नियमित भइरहेको जनाउँदै निगमले आवश्यकताअनुसार मात्र ग्यास खरिद गर्न एवं अनावश्यक भण्डारण नगर्न उपभोक्तालाई आग्रह गरेको छ । उपभोक्ताबाट बजारमा ग्यास अभाव भएको भन्ने गुनासो आइरहेकातर्फ उद्योगीको ध्यानाकर्षण गराउँदै निगमले ग्यासको सहज आपूर्तिको व्यवस्था मिलाउन उद्योगीलाई निर्देशन दिएको छ ।

निगमले घरायसी प्रयोजनका उपभोक्तालाई प्राथमिकता दिन तथा खरिदकर्ताको नाम, ठेगाना र सम्पर्क नम्बरको विवरण राखी ग्यासको बिक्री व्यवस्थित बनाउन बिक्रेतालाई अनुरोध गरेको छ । दैनिक रूपमा मागअनुसार ग्यासको आपूर्ति भइरहेको स्पष्ट पार्दै निगमले ग्यास नपाएको अवस्थामा हटलाइन नम्बरमा सम्पर्क गर्न अनुरोध गरेको छ ।

# नेपालको कृषि र पर्यटन विकासमा जोड्छौं : बंगलादेशी राजदूत

■ दामोदर खनाल

**बुटवल–** बंगलादेशका महामहिम राजदुत मोहमद सफिकुर रहमतले नेपालको कृषि, पर्यटन र साना उद्योगको बिकासमा जोड दिने वताएका छन् ।

तीन दिनदेखि अघि लुम्बिनी आईपुगेका उनले शनिवार बुटवलको लुम्बिनी केबुल कार चढेर पाल्पाको बसन्तपुर डाँडामा रहेको माँ कामाख्या मन्दिरको अवलोकन गरेका छन् । उनले यहाँको वातावरण पनि निकै रमणीय रहेकोले पर्यटन बिकासमा सहयोग पुग्ने वताए । नेपालका लागि बंगलादेशका महामहिम राजदुत मोहमद सफिकुर रहमतले कृषि, पर्यटन, साना उद्योग लगायथका क्षेत्रको दिगो बिकासमा जोड दिने बताए ।

कुराकानीका क्रममा उनले प्रत्येक बर्ष बंगलादेशबाट ठुलो संख्यामा पर्यटक नेपाल आउने गरेको जानकारी दिदै आगामी दिनमा कृषि कार्यमा प्रबिधि र सिपमुलक कार्यको लागि पनि सहकार्य हुने साभावना रहेको जानकारी दिए । यसैबीच उनले रूपन्देहीको तिलोत्तमा नगरपालिकाको मणिग्राममा रहेको



लुम्बिनी कृषि उपज थोक बजारको अवलोकन गरे । उक्त अवसरमा तरकारी फलफूल थोक व्यवसायी संग कुराकानी गर्दै राजदूत रहमतले सुन्तला मसुरो लगायतका बस्तुको बंगलादेशमा राम्रो माग रहेको र बंगलादेशबाट नेपालले बेमौसमी आँप आयत गर्न सक्ने भएकाले व्यापार सहजिकरणका लागि आफुले सक्दो पहल गर्ने प्रतिबद्ध जनाए ।

यश अवसरमा लुम्बिनी कृषि उपज थोक बजारका अध्यक्ष कृष्णप्रसाद पोखरेल, पूर्व अध्यक्ष भीमकान्त पन्थीले, व्यवसायी बाबुराम भुषालले नेपालबाट कार्तिक, मंसीर, पुस गरि ३ महिना सुन्तला निर्यात गर्न सकिने सम्भावना रहेको बताउँदै यसवारे व्यापार सहजिकरण गरिदिन राजदूत समक्ष आग्रह गरे । राजदूत रहमतले रूपन्देहीका उद्योगी, कृषि ब्यवसायी, चिकित्सक संग भेटघाट गर्नुका साथै लुम्बिनी प्रादेशिक अस्पता, थोक कृषि बजार र कृषि फर्म, कृषि मार्ट लगायत अवलोकन गरेको डाक्टर सम्राट पराजुलीले जानकारी दिए ।

# एक वर्षमा ३३३ उद्योग दर्ता

■ प्रभाव संवाददाता

**चितवन–** जिल्लामा गत आर्थिक वर्षमा ३३३ वटा उद्योग दर्ता भएका छन् । घरेलु तथा साना उद्योग कार्यालयमा ती उद्योग तथा वाणिज्यका व्यवसाय दर्ता भएका हुन् । त्यस्तै वाणिज्यतर्फ ३७९ वटा नयाँ फर्म दर्ता भएका छन् । कार्यालयका सूचना अधिकारी शक्तिमान कुमालका अनुसार उद्योग तथा वाणिज्यतर्फ रु ९३ करोड १५ लाख ८९ हजार ९७९ पुँजी रहेको छ । जिल्लामा नयाँ लगानी गर्नेमा उद्योगतर्फ महिला १६७, पुरुष १७० र एउटा फर्म रहेको उनले जानकारी दिए । उनका अनुसार ती उद्योगमा ६९० महिला र ९५२ जना पुरुषले रोजगार पाएका छन् ।

हाल जिल्लामा १६ हजार ५१८ घरेलु तथा साना उद्योग सञ्चालनमा छन् । उनका अनुसार १७ हजार ७३४ वटा वाणिज्यसँग सम्बन्धित व्यवसाय सञ्चालमा रहेका छन् । गत आर्थिक वर्षमा जिल्लामा दर्ता भएका ३०३ वटा उद्योग तथा ४४५ वटा वाणिज्यसँग सम्बन्धित कार्यालय बन्द भएका छन् । व्यवसाय नचलेर, वृद्धावस्थामा पुगेर, वैदेशिक रोजगारीमा जानुपर्ने जस्ता कारणले उद्योग तथा वाणिज्यमा लगानी कर्ताहरूले बन्द गराएको उनले बताए ।

घरेलु तथा साना उद्योगहरू दर्ता गर्नेहरूमा महिला १४५ र दलित तीन जनाले दर्ता शुल्कमा छुट प्राप्त गरेको कुमालले जानकारी दिए । यस्तै, वाणिज्यतर्फ महिला २००, दलित १५ र अपांग एक जनाले दर्ता शुल्क छुट पाएका छन् । उनीहरूले रु ३३ लाख १६ हजार छुट पाएको उनले बताए । महिला, दलित, अपांगलाई फर्म दर्तामा शुल्क लाग्दैन । कार्यालयमा गत आर्थिक वर्षमा दुई हजार ९६८ वटा उद्योगतर्फ र वाणिज्यतर्फ तीन हजार ६७५ वटा नवीकरण भएका छन् । समयमा नवीकरण नगर्ने उद्योग तथा वाणिज्यतर्फका कार्यालयहरूलाई जरिवाना गरिने उनले बताए । अनुगमनका क्रममा त्यस्तो भेटिएमा उनीहरूलाई कारबाही गरिने छ ।

# सहकारी ठगीको मुद्दा हेर्न छुट्टै इजलासको माग

**काठमाडौं (प्रस)–** भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सहकारी ठगीसम्बन्धी मुद्दाको छिटो र छरितो ढंगले न्याय निरूपण गर्नका लागि सहकारी कसुर हेर्ने ‘समर्पित इजलास’ गठन गर्न भन्दै सर्वोच्च अदालतका प्रधानन्यायाधीशलाई प्रतिवेदन पेस गरेको छ । सहकारी ठगीसम्बन्धी मुद्दाको चाप बढिरहेकाले सो मुद्दा फछ्र्यौटका लागि समर्पित इजलास गठन गर्न अनुरोध गरिएको हो । मन्त्रालयले समर्पित इजलास गठन गर्नुको आवश्यकता र औचित्यको विषयमा कार्यदल गठन गरेर तयार पारेको प्रतिवेदन प्रधानन्यायाधीशलाई बुझाइएको मन्त्रीको निजी सचिवालयले जनाएको छ ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले कार्यदलका सदस्यसहित उक्त प्रतिवेदन सर्वोच्च अदालतका प्रधानन्यायाधीश डा मनोज शर्मालाई बताएका हुन् ।

# अशान्तिले साना उद्योग धरापमा पर्ने महासंघको चिन्ता

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल घरेलु तथा साना उद्योग महासंघले सुनसरीको देवानगञ्ज-कप्तानगञ्जलगायत तराईका विभिन्न जिल्लामा पछिल्ला दिनमा विकसित तनावपूर्ण अवस्था, सामाजिक अशान्ति तथा हिंसात्मक घटनाप्रति गम्भीर चिन्ता व्यक्त गर्दै शान्ति, सामाजिक सद्भाव र आर्थिक गतिविधिको संरक्षणका लागि सबै पक्षलाई संयमता अपनाउन आग्रह गरेको छ ।

महासंघले शनिबार जारी गरेको प्रेस विज्ञप्तिमा घटनामा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गरेको छ । साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

महासंघका अनुसार सीमित पूँजी, स्थानीय बजार र दैनिक कारोबारमा निर्भर रहने घरेलु तथा साना उद्योगहरू अशान्ति, बन्द, तोडफोड तथा बजार अवरोधबाट सबैभन्दा बढी प्रभावित हुने गर्छन् । यस्तो अवस्थाले उद्यमीहरूको आत्मविश्वास कमजोर बनाउनुका साथै उत्पादन र आपूर्ति प्रणालीमा समेत असर पुर्‍याउने जनाएको छ ।

विज्ञप्तिमा नेपाल विविध जातजाति, भाषा, धर्म र संस्कृतिको साझा पहिचान बोकेको मुलुक भएकाले सामाजिक सद्भाव, सहिष्णुता र आपसी विश्वास नै राष्ट्रिय स्थायित्व तथा आर्थिक समृद्धिको आधार रहेको उल्लेख गरिएको छ । यस्ता घटनाले घरेलु तथा साना उद्योग, स्थानीय उत्पादन, व्यापार, पर्यटन, रोजगारी तथा समग्र आर्थिक गतिविधिमा प्रत्यक्ष र दीर्घकालीन नकारात्मक असर पार्ने महासंघको भनाइ छ ।

महासंघले कुनै पनि समस्या वा मतभेदको समाधान हिंसा वा टकरावबाट नभई संविधान, कानुन, संवाद र आपसी समझदारीका माध्यमबाट खोजिनुपर्नेमा जोड दिएको छ । सामाजिक तथा धार्मिक सद्भाव कायम राख्दै संयमता अपनाउन सबै सरोकारवालालाई आग्रह गरिएको छ ।

विज्ञप्तिमार्फत महासंघले नेपाल सरकार, स्थानीय प्रशासन तथा सुरक्षा निकायसँग प्रभावित क्षेत्रमा प्रभावकारी शान्ति-सुरक्षाको व्यवस्था गर्न, उद्योग-व्यवसाय र सर्वसाधारणको जनधनको सुरक्षा सुनिश्चित गर्न तथा आर्थिक गतिविधि सहज रूपमा सञ्चालन हुने वातावरण तत्काल निर्माण गर्न आग्रह गरेको छ ।

साथै सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट फैलाइने अफवाह, भ्रामक सूचना र उत्तेजनात्मक अभिव्यक्तिबाट सचेत रहँदै राष्ट्रिय एकता, सामाजिक सद्भाव र आपसी विश्वासलाई थप मजबुत बनाउन नागरिक, राजनीतिक दल, नागरिक समाज, धार्मिक अगुवा, सञ्चारमाध्यम तथा निजी क्षेत्रलाई महासंघले आह्वान गरेको छ । महासंघले शान्तिपूर्ण, सुरक्षित तथा व्यवसायमैत्री वातावरण निर्माणका लागि सरकार, निजी क्षेत्र तथा सबै सरोकारवालासँग आवश्यक सहकार्य गर्न आफू सधैं प्रतिबद्ध रहेको जनाएको छ ।

भू-संरक्षणमा ध्यान दिऔं

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रूख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरूवा रोपौं,
- बिना अनुमति गिटी, बालुवा, माटो, ढुंगा उत्खनन् नगरौं,
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं ।

भू-रक्षा: जीवनको सुरक्षा

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ